लिखु गाउँपालिकाको दृष्टि: सुशासन मार्फत समृद्धि

लिखु गाउँपालिका, यसम, ओखलढुङ्गा

# शिक्षा योजना

(०८२/८३-०९२/९३)

मिति २०८२ पुष ०४ गते कार्यपालिकाबाट स्वीकृत तथा
मिति २०८२ माघ १८ गते गाउँसभाबाट अनुमोदित

## हाम्रो भनाइ

नेपालको संविधान, २०७२ ले संघीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकार र विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ । संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र योजना तयार गरी कार्यान्वयनमा ल्याएको हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले क्षेत्रगत आवधिक योजना निर्माण र विषयगत योजनाहरू समेत निर्माण गरी कार्यान्वयनमा ल्याउने नीतिगत व्यवस्था गरेको सन्दर्भमा यस गाउँपालिकाको शिक्षा क्षेत्रको योजना तयार गरिएको हो ।

योजना तयार गर्दा कार्यशाला सञ्चालन, तथ्याङ्क संकलन, विज्ञहरूसँगको छलफल तथा अन्तर क्षेत्रका सरोकारवालाहरूसँग छलफलमा निस्किएका सुझावहरू समेतलाई समावेश गरिएको छ । प्रस्तुत दश वर्षीय शिक्षा क्षेत्र योजना (२०८२-२०९१) हेर्दा महत्वकाङ्क्षी देखिएपनि गाउँपालिकाको शिक्षा क्षेत्रको कायापलट गर्नका लागि नगरी नहुने क्रियाकलापहरू समेटेर निर्माण गरिएको छ । संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै आवश्यकताका आधारमा कानुन समेत परिमार्जन गरी बालविकास र शिक्षाको अवधि २ दुई वर्षको बनाउने, शिक्षकहरू राजनीतिक दलको सदस्य हुन नपाउने, अभिभावक विहीन बालबालिकाको अभिभावकत्व पालिकाले लिने, प्राविधिक धार अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने, विद्यालय दूरी टाढा भएका विद्यार्थी लक्षित आवासीय विद्यालय स्थापना गर्ने लगायत विविध महत्वपूर्ण योजनाहरू समेटेर **१० वर्षको योजना तयार भएता पनि ५ वर्षमा पुनरावलोकन हुनेछ भन्ने अभिप्रायले क्रियाकलापहरूको बजेट, सूचकहरूको  लक्ष्य ५ वर्षको** मात्र तय गरिएको छ । यो योजनाबाट योजनावद्ध हिसाबले यस गाउँपालिकाको शिक्षा क्षेत्रको विकासमा टेवा पुर्‍याउने र राष्ट्रिय लक्ष्य हासिल गर्न मार्ग निर्देशन गर्नेछ भन्ने विश्वास लिएका छौँ।

शिक्षा योजना  निर्माणमा सहयोग पुर्‍याउनु हुने सरोकारवाला वि.व्य.स., शि.अ.सं., प्रधानाध्यापक, जनप्रतिनिधिहरू र प्राविधिक सहयोग उपलब्ध गराउने सरल जनसेवा केन्द्र प्रा.लि., काठमाडौँ लगायत सबै गाउँपालिका परिवारप्रति आभार व्यक्त गर्दछौँ। साथै यो योजना कार्यान्वयनमा हामी सबैको अमूल्य योगदान रहनेछ भन्नेमा विश्वास लिएका छौँ।

**लिखु गाउँपालिका**
**यसम, ओखलढुङ्गा**
**कोशी प्रदेश**

लिखु शिक्षा योजना २०८२

## शुभकामना मन्तव्य

शिक्षाले जीवन निर्वाह गर्न सहयोग गर्न सक्नुपर्छ । आदर्श, नैतिकवान्, चरित्रवान् र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । शिक्षा देश विकास र समृद्धिको मूल आधार हो भने मानव जीवनको अपरिहार्य आवश्यकता हो । यसर्थ न्यूनतमरुपमा आधारभूत तहको शिक्षा प्राप्त गर्नु मानव अधिकारको रुपमा लिइएको छ भने नेपालको संविधान, २०७२ ले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी लिखु गाउँपालिकाको शिक्षाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप जस्ता पक्षहरु यस शिक्षा योजनाले निर्धारण गरेकोमा मलाई खुशी लागेको छ । यस ५ वर्षे दीर्घकालिन शिक्षा योजनाको कार्यान्वयनवाट शैक्षिक समस्याहरूलाई समाधानमा कोसेढुङ्गा हुने अपेक्षा लिइएको छु । यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक पूर्वाधार विकास तथा सूचना प्रविधिको न्यूनतम सुविधा, अभिभावकहरुको सकरात्मक सहयोग तथा शिक्षकहरूको तालिम व्यवस्थापन, शिक्षकहरूमा उत्प्रेरणा र आत्मबल विकास, शैक्षणिक सामग्री उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापनमा सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ ओटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको ५ वर्षे योजना, शिक्षा नीति, २०७६, आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । गुणस्तरीय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनुपर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुर्याउने छ । शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, शिक्षाप्रेमी बुद्धिजिवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक सङ्घ संस्थाका पदाधिकारीहरू र शिक्षाका राष्ट्रसेवक कर्मचारीहरूको निरन्तर परिश्रम र लगनशीलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक विकासमा यस योजनाले महत्वपूर्ण सहयोग पुऱ्याउनुका साथै सामाजिक र आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु । अन्तमा यो १० वर्षे (२०८२/०८३-२०९२/०९३) दीर्घकालीन शिक्षा योजना तयार गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो । स्रोत पहिचान एवम् व्यवस्थापनको काम समेत चुनौतिपूर्ण रहेको छ । योजना कार्यान्वयनमा सरोकारवालाहरुको अपनत्व हुने अपेक्षा लिएको छु । अन्तमा यस दिर्घकालीन शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

**श्री अशोक कुमार कार्की**
**अध्यक्ष**
**लिखु गाउँपालिका**

**शुभकामना मन्तव्य**

बालबालिकामा रहेको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वातावरण घर, परिवार र विद्यालयमा सिर्जना गर्न सक्नु हामी सबैको कर्तव्य हो। शिक्षाको विकास बिना गाउँपालिकाको विकासको परिकल्पना पनि गर्न सकिदैन। मानवीय सर्वाङ्गीण विकासका लागि शिक्षा अपरिहार्य हो। यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गर्दै वर्तमान ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पञ्चवर्षीय योजनाहरू, शिक्षा क्षेत्र योजना तथा विभिन्न ऐन, कानूनको परिधी एवम् गाउँपालिकाले शिक्षासम्बन्धी अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेटको प्रतिवद्धता समेतलाई समेटेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग छलफल गरी निर्माण गरिएको यो शिक्षा योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ। जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले जनतासँग प्रत्यक्षरुपमा सरोकार राख्ने कुराहरू लगायत आधारभूत आवश्यकताहरूको सम्बोधन गर्ने कर्तव्य स्थानीय तहको पनि हो। शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि ,पशुपालन लगायतका विषयमा प्रत्यक्ष र परोक्षरुपमा स्थानीय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीविका र रोजगारीका सन्दर्भमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ।

गुणस्तरीय जीवन निर्वाह गर्न शिक्षाले महत्वपूर्ण सहयोग गर्न सक्नुपर्छ, त्यसको निम्ति नैतिक शिक्षा, आदर्श, चरित्रवान् र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ। गुणस्तरीय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर, उनीहरूलाई नियमित गराउँदै विद्यालयका तहहरू पार गराउनुपर्ने चुनौती पनि हाम्रो सामु रहेको छ। यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुर्याउनेछ। योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, शिक्षाप्रेमी, बुद्धिजीवी, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक सङ्घ संस्थाका पदाधिकारीहरू र शिक्षा इकाइका राष्ट्रसेवक कर्मचारीहरूको अविछिन्न परिश्रम र लगनशीलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ। हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक र आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु।

अन्तमा यस १० वर्षे ( २०८२/८३-२०९२/०९३) दीर्घकालीन शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

**श्री अस्मिता थापा**
**उपाध्यक्ष**
**लिखु गाउँपालिका**

**शुभकामना मन्तव्य**

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभुत आवश्यकताका साथै मौलिक हकको रुपमा स्थापित हुन आउँछ। लोकतान्त्रिक मुल्य मान्यतामा आधारित रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका हुन आउँछ । व्यक्तिको आनीबानीमा परिवर्तन गरी सामाजिकीकरण गर्दै राष्ट्र निर्माणमा यसले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सबैका लागि शिक्षा सहज एवम् पहुँच र निरन्तरताको सुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन आवश्यक हुन आउँछ ।

शिक्षाले व्यक्ति समाज र राष्ट्रको परिवर्तन गर्ने महत्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको जिम्मेवारी हुन आउँछ । शिक्षाका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा बृद्धि, शैक्षिक सुधारका कार्यक्रमहरूको छनोट र कार्यन्वयन गर्नु जरुरी हुन आउँछ। शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरू पुरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति लिई कार्यान्वयन गर्नु जरुरी छ।

गाउँपालिकाको शिक्षा नीति तथा कार्यक्रम कार्यन्वयन गर्नका लागि यो योजना आफैँमा पथ प्रर्दशकको एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य, उद्देश्य र कार्यक्रमहरू केही बढी महत्वाकांक्षी पनि हुन सक्छन् भने कतिपय कार्यक्रम छुटेका र दोहोरिएका पनि हुन सक्छन। यसर्थ यसको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वर्ष यसै योजनाका आधारमा वार्षिक कार्यक्रम कार्यान्वयन रणनीतिक योजना निर्माण गर्नु आवश्यक हुन्छ । तथापि लिखु गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र शैक्षिक विकास गरी यसलाई गन्तव्यको थलोको रुपमा विकास गर्न शिक्षा योजना कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवम् उद्देश्यहरू हासिल हुने अपेक्षा लिइएको छ । त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु । यो १० वर्षे शिक्षा योजना कार्यान्वयन गर्नका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जनप्रतिनिधि, लगायत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको महत्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छु।

अन्तमा शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।

**श्री अर्जुन कुमार राउत**
**प्रमुख प्रशासकीय अधिकृत**
**लिखु गाउँपालिका**

लिखु शिक्षा

# विषयसुची


सन्दर्भ र औचित्य ....... ७

१. विषय प्रवेश ....... ७

२. शिक्षा योजना निर्माणको आवश्यकता ....... ७

३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ....... ७

४. शिक्षा योजना निर्माणका आधार ....... ८

५. शिक्षा योजना निर्माण प्रक्रिया ....... ८

६. योजनाको लेखाजोखा ....... ९

७. योजनाको दस्तावेजको स्वरूप ....... १०

परिच्छेद १ - परिचय ....... ११

१.१ पृष्ठभूमि ....... ११
१.२ गाउँपालिकाको शैक्षिक सन्दर्भ ....... १२
१.३ मुख्य समस्या ....... १३
१.४ चुनौती ....... १३
१.५ अवसर ....... १३

परिच्छेद २ - दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ....... १४

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनपुर्ने आधार ....... १४
२.२ दूरदृष्टि ....... १४
२.३ लक्ष्य ....... १४
२.४ उद्देश्य ....... १४
२.५ रणनीति ....... १४
२.६ कार्यनीति ....... १५
२.७ अपेक्षित उपलब्धि ....... १६
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य ....... १६

परिच्छेद ३ - विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु ....... २०

३.१ बालविकास र शिक्षा ....... २०
३.२ आधारभूत शिक्षा ....... २४
३.३ माध्यमिक शिक्षा ....... ३१
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ....... ३८


लिखु शिक्षा योजना २०८२

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ..... ४२

परिच्छेद ४ - अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु ..... ४५

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ..... ४५
४.२ शिक्षक व्यवस्थापन र विकास ..... ४९
४.३ शैक्षिक समता तथा समावेशीकरण ..... ५४
४.४ विद्यालय पोषण तथा स्वास्थ्य ..... ५८
४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ..... ६१
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ..... ६४
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..... ६७

परिच्छेद ५ - सुशासन तथा व्यवस्थापन ..... ७०

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ..... ७०
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ..... ७३

परिच्छेद ६ - लगानी र स्रोत व्यवस्थापन ..... ७६

६.१. परिचय ..... ७६
६.२ वर्तमान अवस्था ..... ७६
६.३ उद्देश्य ..... ७७
६.४ रणनीति तथा कार्यनीति ..... ७७
६.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप र लक्ष्य ..... ७७

परिच्छेद ७ - अनुगमन तथा मूल्याङ्कन ..... ८१

७.१ परिचय ..... ८१
७.२ वर्तमान अवस्था ..... ८१
७.३ उद्देश्य ..... ८१
७.४ रणनीति तथा कार्यनीति ..... ८२
७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... ८२

अनुसूची १ ..... ८४

सन्दर्भ सामग्रीहरु ..... ९०

लिखु शिक्षा योजना २०८२

## सन्दर्भ र औचित्य

नेपालको संविधानले संघीय गणतान्त्रिक, लोकतान्त्रिक शासन व्यवस्थालाई अङ्गीकार गरी तीन तहमा निर्वाचित सरकार क्रियाशील रहेको छ। संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकारक्षेत्रमा परेको छ। यही व्यवस्था अनुसार स्थानीय तहहरूले कार्य गर्दै आएका छन। विद्यालय शिक्षा विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन्छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्गनिर्देश गरेको छ। दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्नु सबै तहका सरकारको दायित्व हुन आएको सन्दर्भ विद्यमान रहेको छ। संघीयता लागु हुनुपूर्व नेपाल सरकार, शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको SSDP को अवधि २०७८ असारमा समाप्त भई हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना लागु गरेको छ। साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि मार्गनिर्देश गरेको अवस्था छ। लिखु गाउँपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता सहितको शिक्षाका लागि शिक्षा क्षेत्रको योजना निर्माण आवश्यक ठानी दश वर्षे योजना निर्माण गरेको छ।

### १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा यस लिखु गाउँपालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नको लागि यो गाउँ शिक्षा योजना तयार गरिएको छ।

### २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची-८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११, ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकिएका छन्। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन। यसै परिवेशमा लिखु गाउँपालिकाले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी गाउँ शिक्षा योजना निर्माण गरिएको हो।

### ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न,
३.२ संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३.३ कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
३.४ साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
३.५ शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,

## ४. शिक्षा योजना निर्माणका आधार

लिखु गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ।

४.१ नेपालको संविधान
४.२ सोह्रौँ आवधिक योजना
४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४.४ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
४.५ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र, २०७९
४.८ विद्यालय शिक्षामा समता रणनीति
४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
४.१० स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना
४.११ स्थानीय तहको मध्यकालिन खर्च संरचना
४.१२ राष्ट्रिय जनगणनाको प्रतिवेदन,२०७८
४.१३ विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

यो गाउँ शिक्षा योजना निर्माण गर्दा लिखु गाउँपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयनमा सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबिचको अन्तरसम्बन्ध कायम हुने गरी गाउँ शिक्षा योजना तर्जुमा भएको छ। माथि उल्लेखित योजनाका लागि लिखु गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरूसँग पनि समन्वय गरिएको छ।

## ५ . शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तहका नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकोले स्थानीय आवश्यकता र प्राथमिकतामा बढी जानकार हुने गर्दछ। यसका साथै शैक्षिक सेवा प्रवाह र विद्यालय शिक्षाको विकास लगायतका कार्य जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकाले शैक्षिक योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुरूप लिखु गाउँपालिकाले यो योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ। गाउँ शिक्षा योजना निर्माणको सुरुवाती चरणमा गाउँ शिक्षा समितिमा छलफल भई गाउँ शिक्षा योजना निर्माण कार्यशालाको तयारी गरिएको थियो। योजना निर्माणका लागि तपसिलका सामग्री तथा श्रोतहरुको अध्ययन गरी समीक्षा गरिएको थियो।

क) सामुदायिक तथा संस्थागत विद्यालयहरुको EMIS 2080/2081
ख) विद्यालय अनुगमन प्रतिवेदनहरु
ग) गाउँपालिकाको वार्षिक बजेट
घ) शिक्षा सम्बन्धी ऐन, नियम तथा कार्यविधिहरु
ङ) राष्ट्रिय शिक्षा निति, २०७६
च) सोह्रौ योजना

लिखु गाउँपालिकाद्वारा शिक्षा योजनाको निर्माणमा सहभागितामूलक प्रक्रिया नै अवलम्बन गरिएको छ। यो शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रमुख क्रियाकलापहरु निम्नानुसार रहेका छन।

५.१ गाउँ सभा र गाउँ कार्यपालिकास्तरीय बैठक
५.२ योजना निर्माण समितको गठन
५.३ लिखुको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
५.४ गाउँ/टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अपाङ्गता भएका व्यक्ति, सम्बन्धित संघसंस्थालगायत विभिन्न सरकारी/गैरसरकारी संघ संस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन
५.५ योजनाको मस्यौदा तयारी
५.६ मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

५.७ योजनाको अन्तिमीकरण
५.८ बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
५.९ गाउँ कार्यपालिकाबाट योजनाको स्वीकृति
५.१० गाउँ सभाबाट अनुमोदन र कार्यान्वयन

## ६ . योजनाको लेखाजोखा

शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ की छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो ।

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | ▪ शिक्षा योजना निर्माणमा प्रारम्भिक चरणको छलफलदेखि नै मूल नेतृत्वको संलग्नता रहेको छ ।<br>▪ सामाजिक विकास समिति संयोजकत्वमा शिक्षा योजना निर्माण समिति बनेको छ ।<br>▪ शिक्षा सरोकारवालाको संलग्नतासहितको योजना मस्यौदा कार्यदल गठन गरी पारदर्शी ढङ्गमा मस्यौदा तयार गरिएको छ ।<br>▪ सूचना र सुझाव सङ्कलनका क्रममा सरोकारवालाको अर्थपूर्ण सक्रिय सहभागीता भएको छ । |
| २ | पर्याप्तता र सान्दर्भिकता | ▪ योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू लिखुका शिक्षा क्षेत्रका समस्या र चुनौतीहरू सम्बोधन गर्न पर्याप्त छन । |
| ३ | समता, सक्षमता तथा गुणस्तर | ▪ योजनाले समता, सक्षमता तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख सबालमा सम्बोधन भएको छ । |
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | ▪ योजना लिखुको वार्षिक नीति तथा कार्यक्रमलगायत अन्य योजनाहरूबिच अन्तरसम्बन्धित छन् ।<br>▪ शिक्षाका राष्ट्रिय र अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूलन गरिएको छ ।<br>▪ स्थानीय तहको योजना तर्जुमा सम्बन्धी अद्यावधिक मार्गनिर्देशन, २०८१ मा आधारित यस योजनाले शिक्षाका उल्लेखित क्षेत्रहरू र अन्तरसम्बन्धित विषयबीच उपयुक्त तालमेल राखेको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | ▪ योजनामा भएका विषयको शिक्षाका उपक्षेत्र, अन्तरसम्बन्धित विषय साथै उपलब्ध स्रोत र अनुगमन मूल्याङ्कनसँग तादाम्यता कायम गरिएको छ ।<br>▪ स्थानीय आवश्यकता र भोगिरहेका प्रमुख चुनौतीलाई सम्बोधन गर्ने प्रयास योजनाले केही हदसम्म गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | ▪ योजनामा उल्लेख गरिएका क्रियाकलापका लागि आवश्यक बजेटको प्रस्ताव गरिएको छ ।<br>▪ अपुग बजेटका लागि सरकारी र गैरसरकारी संस्थाहरूसँग निरन्तर सहकार्य गरिएको छ । |
| ७ | संस्थागत क्षमता | ▪ योजनाको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त संयन्त्र र आवश्यक क्षमता विकास कार्यक्रम राखिएका छन । |
| ८ | कार्यान्वयनमा तत्परता | ▪ स्थानीय तहभित्रका सरोकारवालाको सहभागीतामा योजना तयार भएको छ ।<br>▪ योजना स्वीकृतिपूर्व जिम्मेवार पक्षलाई प्रबोधीकरण र अभिमुखीकरण गरिएको छ ।<br>▪ लिखुको वार्षिक नीति तथा कार्यक्रममा प्रस्ताव गर्ने प्रयास गरिएको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ▪ लिखुभित्रका शैक्षिक सूचकहरू र आवश्यक तथ्याङ्क राखिएका छन । |
| १० | अनुगमन र प्रतिवेदन | ▪ सबै तहको आवधिक अनुगमन र मूल्याङ्कनका संयन्त्र तयार गरिएको छ । |

### ७ . योजनाको दस्तावेजको स्वरूप


यस योजनामा हाम्रो भनाइ, शुभकामना मन्तव्य, सन्दर्भ र औचित्य, विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता, स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य, शिक्षा योजना निर्माणका आधार, शिक्षा योजना निर्माण प्रक्रिया, योजनाको लेखाजोखा र योजनाको दस्तावेजको स्वरुप समावेश छन् । परिच्छेद एकमा परिचय, परिच्छेद दुईमा दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण, परिच्छेद तीनमा विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू, परिच्छेद चारमा अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू, परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापन, परिच्छेद छमा लगानी र स्रोत व्यवस्थापन र परिच्छेद सातमा अनुगमन र मूल्याङ्कन राखिएको छ ।

लिखु शिक्षा योजना २०८२

## परिच्छेद १ - परिचय

### १.१ पृष्ठभूमि

कोशी प्रदेश अन्तर्गत ओखलढुङ्गा जिल्लाको सबैभन्दा पश्चिम भागमा लिखु गाउँपालिका अवस्थित छ। साविकका ६ गा.वि.स. (सिंहदेवी, नर्मदेश्वर, यसम, गाम्नाङ्टार, टारकेराबारी र पोकली) मिलेर हाल ९ वडामा रुपान्तरित यस गाउँपालिकाको क्षेत्रफल ८८.०३ वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकाको कुल जनसंख्या २३,४९९ जना रहेको छ भने लैंगिक अनुपात ०.९८, परिवारको औसत आकार ५.८९ जना र जनघनत्व २६६.९४ प्रति वर्ग कि.मी. रहेको छ। क्षेत्रफल तथा जनसंख्याको दृष्टिले सबै भन्दा ठुलो वडा नं. ९ रहेको छ भने जनघनत्व सबैभन्दा बढी वडा नं. ४ मा रहेको छ। यस गाउँपालिकाको राजनैतिक नक्सा देहाय अनुसार छ।




समुन्द्री सतहबाट करिब ६०० मिटरदेखि २८०० मिटरसम्म फैलिएको यस गाउँपालिकामा गर्मी हुने बेंसी फाँटहरुदेखि हिँउ पर्ने लेकसम्म समेटिएको छ। ३९९३ घर परिवार मध्ये २१.४४% मा महिला घरमुली रहेका छन् । यस गाउँपालिकाको जनसंख्या पिरामिड Expansive देखिएको छ । महिला जनसंख्या ४९.४% रहेको र सक्रिय जनसंख्या ६३% रहेको देखिएको छ। बेरोजगार जनसंख्या १६.६% रहेको छ भने रोजगारीका लागि अन्य गन्तव्यमा जाने १६% भन्दा बढी पाइएको छ। ५ वर्ष भन्दा बढी उमेरका जनसंख्या मध्ये १२.५% मात्र निरक्षर रहेको र उच्च शिक्षा हासिल गर्ने पनि ६.०५% मात्र रहेको देखिएको छ।

जम्मा जनसंख्यामध्ये १.७१% अपाङ्गता भएका व्यक्ति भेटिएका छन् भने त्यसमध्ये पूर्ण अशक्त २८.११% रहेका छन्। विवाह गर्ने उमेरको सन्दर्भमा २० वर्ष मूनि विवाह गर्ने महिला तथा पुरुष क्रमशः ४५.६% र २३% देखिएक छन्। **(लिखु गाउँपालिको पार्श्वचित्र,२०७८)**

लिखु गाउँपालिकामा शैक्षिक पूर्वाधारतर्फ १४ आधारभूत विद्यालय र ८ माध्यमिक विद्यालय गरि जम्मा २२ वटा सामुदायिक विद्यालय रहेका छन् यसका साथै संस्थागत विद्यालय १ र क्याम्पस १ वटा रहेका छन् जसमध्ये लिखु-६ मा रहेको ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक विद्यालय नमूना विद्यालयको रुपमा रहेको छ भने यस विद्यालयमा प्राविधिक धार कृषितर्फ कक्षा १२ सम्म सञ्चालनमा रहेको छ। सामुदायिक विद्यालयतर्फ १०४४ छात्रा र ९९१ छात्र गरि जम्मा २०३५ विद्यार्थी अध्ययन गर्दछन् भने लैंगिक अनुपात छात्रा र छात्रको १.०५ रहेको देखिएको छ। बाल विकास केन्द्र २८ वटामा २८६ जना बालबालिका र २८ जना बालविकास सहयोगी कार्यकर्ता रहेका छन्। यसै गरी यस गाउँपालिकामा तीन वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ। सामुदायिक विद्यालयहरुमा २४८ जना शिक्षक तथा कर्मचारी कार्यरत रहेका छन्।

शिक्षा क्षेत्रको भौतिक अवस्थालाई हेर्दा २२ वटा विद्यालयमध्ये ४ वटा विद्यालयको भवन जीर्ण अवस्थामा रहेको छ। एउटा विद्यालयमा शौचालयको अभाव र ७ वटा विद्यालयमा खानेपानीको समस्या रहेको छ। गाउँपालिका मार्फत सबै वडामा नेटको पहुँच पुगिसकेको हुँदा यो आर्थिक वर्षमा सबै माध्यमिक विद्यालयहरुमा फाइवर नेटको सुविधा पुर्याइएकोछ।

देश संघीयतामा प्रवेश गरेसँगै यस क्षेत्रको शैक्षिक विकासको लागि जनप्रतिनिधि, शिक्षाप्रेमी, शिक्षासँग सरोकार राख्ने व्यक्ति र निकायले आफ्नो जिम्मेवारी बोध गर्दै अघि बढेको देखिन्छ। यस गाउँपालिकाले सामुदायिक विद्यालका छात्राहरुलाई सेनेटरी प्याड खरिद गरि कार्यविधि अनुसार वितरण गर्दै आएको छ भने कोभिड-१९ का कारण उत्पन्न परिस्थितिबाट शैक्षिक क्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्नका लागि संघीय सरकारबाट प्राप्त अनुदानबाट स्वअध्ययन सामग्रीको निर्माण र वितरण CUG सिमबाट CUG पाठशालामार्फत अनलाइन कक्षाहरु र सिकाइ चौतारी मार्फत विद्यार्थीहरुलाई शिक्षण सिकाइका कार्यहरु सञ्चालन हुँदै आएका छन्।

यसरी लिखु गाउँपालिका अन्तर्गतका विद्यालयहरुको पठनपाठन कार्यमा प्रभावकारिताको लागि शैक्षिक सुधारमा जोड दिई सक्षमता सहितको सिकाइ उपलब्धि हासिल गर्ने, सबै विद्यालय उमेरका बालबालिकालाई आधारभूत तथा माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गर्ने, भर्नादर र टिकाउ दरलाई बढाउँदै लैजाने, प्राविधिक तथा व्यवसायिक शिक्षालाई विशेष प्राथमिकतामा राखेर सक्षम जनशक्तिको विकास गर्ने लक्ष्य यस गाउँपालिकाले लिएको छ।

### १.२ गाउँपालिकाको शैक्षिक सन्दर्भ

यस लिखु गाउँपालिकामा देहाय अनुसारका शैक्षिक संस्थामा शिक्षक तथा विद्यार्थीहरु रहेका छन।

| क्र.सं. | तह | शिक्षक | विद्यार्थी | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ३३ | २८६ | |
| २ | आधारभूत तह ( कक्षा १-५) | ९९ | ७५६ | |
| ३ | आधारभूत तह ( कक्षा ६-८) | ३५ | ५६९ | |
| ४ | माध्यमिक तह ( कक्षा ९-१०) | २९ | ४३२ | |
| ५ | माध्यमिक तह ( कक्षा ११-१२) | ६ | ३७८ | |
| ६ | माध्यमिक तह ( कक्षा ९-१२) प्राविधिक धार | ८ | ५३ | |
| **जम्मा** | | **२१०** | **२४७४** | |

विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी नतिजामूलक सुधारका लागि संस्थागत प्रयासहरु जरुरत हुन्छ। यसका निमित्त गाउँपालिकाका विधायीका, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक नीति, योजना, विधि तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यमा सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ।

संविधानले प्रदान गरेको विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्थित प्रयोग गर्न लिखु गाउँपालिकाले स्थानीय शिक्षा ऐन, नियमावली, विभिन्न कार्यविधिहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

**प्रकारगत शिक्षक विवरण**

| क्र.स. | किसिम | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च माध्यमिक | प्राविधिक (९-१२) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | दरबन्दी | ६८ | १९ | ५ | २ | ० | ९४ |
| २. | राहत अनुदान | २३ | ९ | १६ | ४ | ८ | ६० |
| ३. | संघीय अनुदान | ० | ४ | ८ | ० | ० | १२ |
| ४. | गा.पा. अनुदान | ८ | ३ | ० | ० | ० | ११ |
| **जम्मा** | | **९९** | **३५** | **२९** | **६** | **८** | **१७७** |

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण ( शैक्षिक शत्र २०८१)**

| क्र.स. | तह | कुल विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | बालविकास | १४४ | १४२ | २८६ | ३० | २८ | ५८ | ४९ | ३३ | ८२ |
| २. | प्राथमिक | ३७७ | ३७९ | ७५६ | ७९ | ७७ | १५६ | १४२ | १३१ | २७३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | निम्नमाध्यमिक | २७२ | २९७ | ५६९ | ३४ | ५७ | ९१ | ९२ | ९८ | १९० |
| ४. | आधारभुत १- ८ | ६४९ | ६७६ | १३२५ | ११३ | १३४ | २४७ | २३४ | २२९ | ४६३ |
| ५. | माध्यमिक ९- १० | २१४ | २१८ | ४३२ | ३८ | ३७ | ७५ | ६६ | ७० | १३६ |
| ६. | माध्यमिक११- १२ | १२८ | १५० | ३७८ | १९ | २८ | ४७ | ५१ | ४८ | ९९ |
| ७. | माध्यमिक ९- १२ | ३४२ | ३६८ | ८१० | ५७ | ६५ | १२२ | ११७ | ११८ | २३५ |
| **जम्मा** | | **११३५** | **११८६** | **२४२१** | **२००** | **२२७** | **४२७** | **४००** | **३८०** | **७८०** |

स्रोतः IEMIS Report,2081

## १.३ मुख्य समस्या

१. शिक्षा सम्बन्धी नीति, नियम कार्यान्वयन तथा नियमन पूर्ण रुपमा हुन नसक्नु,
२. संघ, प्रदेश र स्थानीय तिनै तहबिच प्रभावकारी समन्वयको अभाव रहनु,
३. पर्याप्त शिक्षक दरबन्दीको अभाव हुनु,
४. अविभावकमा शिक्षण सिकाइ क्रियाकलापप्रति पूर्ण जिम्मेवारीको बोध नहुनु,
५. शिक्षकलाई आवश्यक तालिमको व्यवस्था हुन नसक्नु,
६. शिक्षकहरुमा राजनैतिक प्रभाव बढी देखिनु,
७. विद्यालयको भौतिक संरचनाको विकास पर्याप्त मात्रामा हुन नसक्नु,
८. शैक्षिक सामग्रीहरुको उचित व्यवस्थापन हुन नसकी शिक्षण सिकाइ प्रभावकारी बन्न नसक्नु,
९. शिक्षण पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्न नसक्नु,
१०. शिक्षक, विद्यार्थी र अविभावकबिच अन्तरक्रिया तथा समन्वयको अभाव रहनु।

## १.४ चुनौती

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच सबैमा पुऱ्याउनु,
२. विद्यालय उमेर समूहका सबै बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्नु,
३. शिक्षण पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्नु,
४. अविभावकमा पूर्ण जिम्मेवारीको बोध गराउनु,
५. आधारभूत तथा माध्यमिक शिक्षालाई नि:शुल्क र अनिवार्य गराउनु,
६. प्रारम्भिक बालविकासमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु,
७. विद्यार्थीको टिकाउ दर, भर्ना दरलाई शत प्रतिशत बनाउनु,
८. शिक्षा क्षेत्रमा सरोकार राख्ने सबै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्नु,
९. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पर्याप्त विकास गर्नु।

## १.५ अवसर

१. नेपालको संविधानमा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको,
२. नेपालको संविधानमा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको रुपमा व्यवस्था गरिएको,
३. शिक्षा सम्बन्धी संघीय ऐन, नियम, नीतिमा आवश्यक संशोधन गरिएको,
४. स्थानीय ऐन, नियमको तर्जुमा भई कार्यान्वयन भएको,
५. सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास भएको,
६. दक्ष शिक्षकहरुको पदपूर्ति भएको,
७. वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरणका निर्देशिका र कार्यविधि तयार भई कार्यान्वयनमा आएको,
८. व्यवसायिक तथा प्राविधिक शिक्षातर्फ सरोकारवालाहरु आकर्षित भएको।

लिखु शिक्षा योजना २०८२

## परिच्छेद २ - दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनपुर्ने आधार

नेपालको संविधानले राज्यको पुनर्संरचना गरी विद्यालय तहको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ। स्थानीय सरकारको आन्तरिक राजश्व तथा सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने स्रोत साधनको परिचालनबाट आफ्नो एकल अधिकार सूचिमा रहेका काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न जरुरी हुन्छ। शिक्षालाई साझा अधिकारको सूचिमा समेत समावेश गरिएको हुँदा तिनै तहका सरकारहरूले विद्यालय तहदेखि उच्च शिक्षासम्मका औपचारिक, अनौपचारिक शिक्षा क्षेत्रमा नीति, कार्यक्रम र योजना बनाई समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्नुपर्ने भाव संविधानमा प्रकट भएको छ।

स्थानीय तहमा आवश्यकतानुसार योजना निर्माण गर्न र स्थानीय तहहरूको योजनाको आधारमा सङ्घीय शिक्षा योजना बनाउन पनि स्थानीय शिक्षा क्षेत्रको योजनाले सहयोग पुर्याउँछ। केन्द्रीकृत योजनाबाट स्थानीय आवश्यकता सम्बोधन गर्न नसक्ने क्षेत्रहरु समेटी स्थानीय शिक्षा क्षेत्रको योजना निर्माण गर्दा सरोकारवाला पक्षहरुको अपनत्व, सहभागिता तथा स्वामित्वमा अभिवृद्धि हुन्छ। समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच तय गरिएको अवस्थामा शिक्षा क्षेत्रको विकास र विस्तारसँगै गुणस्तर सुधार गर्दै सो लक्ष्यसम्म पुग्नका लागि समन्वय गर्नु आवश्यक रहेको छ। त्यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा सन २०३० सम्मका लागि दीगो विकास लक्ष्य निर्धारण भई लक्ष्य नं ४ मा गुणस्तरीय शिक्षाको विकास गरी समन्यायिक पहुँचमा पुर्‍याउने गरी नेपालले प्रतिवद्धता व्यक्त गरेको छ र सो लक्ष्य प्राप्तिको लागि प्रयासरत रहेको छ। सन २०२२ (वि सं २०७८) सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा पुग्ने, सन २०३० (विसं २०८७) सम्म मध्यम आयस्तर भएको राष्ट्रमा रूपान्तरण हुने लक्ष्यका साथ नेपालले १६ औं विकास योजना तय गरेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार शिक्षा क्षेत्रको विकास तथा दीगो विकास लक्ष्यको प्राप्तिका लागि नेपालको शिक्षा योजनालाई एकाकार गर्ने प्रयोजनका लागि सङ्घीय सरकारले शिक्षा क्षेत्रको दस वर्षे शिक्षा क्षेत्र विकास योजना तयार गरी कार्यान्वयनमा रहेको अवस्थामा सङ्घीयताको मर्म र भावना अनुसार स्थानीय तहहरूले समेत सङ्घीय सरकारको नीति, योजना तथा कार्यक्रमसँग सहकार्य गर्दै आ-आफ्नो क्षेत्रको विकास योजना निर्माण गर्नुपर्ने हुँदा सङ्घीय सरकारबाट प्राप्त योजनाको ढाँचामा स्थानीय आवश्यकताहरू थप गर्दै लिखु गाउँपालिकाद्वारा यो दस वर्षे नयाँ शिक्षा योजना तर्जुमा गरिएको हो।

### २.२ दूरदृष्टि

"लिखु गाउँपालिकाको दृष्टि: गुणस्तरीय र प्राविधिक शिक्षा मार्फत समृद्धि"

### २.३ लक्ष्य

गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षामा सबैको पहुँच पुर्‍याउनु।

### २.४ उद्देश्य

१. प्रत्येक वडाको कम्तिमा एउटा विद्यालयमा प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गर्नु,
२. शिक्षाका सम्पूर्ण अवयवहरुको समुचित व्यवस्थापन गरी प्रभावकारी तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु,
३. शैक्षिक क्षेत्रको विकास र विस्तारका लागि दिर्घकालीन कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्नु,
४. शिक्षा क्षेत्रका सरोकारवालासँग समन्वय तथा साझेदारीमार्फत शैक्षिक विकासमा जोड दिनु,
५. विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न प्रेरित गर्नु।
६. आधारभूत तहको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नु।

### २.५ रणनीति

१. गाउँपालिकाले टिफिन बक्सको व्यवस्थापन गरी बालबालिकाको दिवा खाजाका लागि अभिभावकहरूलाई जिम्मेवार बनाउने।
२. प्रत्येक वडाको मा.वि.तह सञ्चालित विद्यालयमा प्राविधिक धार सञ्चालनको व्यवस्था गर्ने।
३. चन्दा, मुठिदान, गाउँ शिक्षा भकारी, अक्षयकोष, फलफूल खेती आदि उपायहरू अपनाई हरेक विद्यालयमा एक शिक्षा कोष स्थापना गर्ने।
४. विद्यार्थी नियमिततामा सुधार गर्न, छात्रवृत्ति र छात्रवास, दिवा खाजा लगायतका प्रोत्साहनका कार्यक्रमहरू संचालन गर्ने।

५. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण कार्यमा सहभागी गराइ र आयआर्जनका कार्यक्रम प्रदान गरी आर्थिक स्थिति कमजोर भएका अभिभावकका लागि शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गर्ने ।
६. गाउँपालिकाको कूल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षामा लगानी गर्ने ।
७. विपन्न परिवारका अभिभावकले आफ्ना छोराछोरीलाई विद्यालयमा नियमित पठाएवापत पुरस्कार तथा प्रोत्साहन स्वरुप सम्मान गर्ने,
८. जनप्रतिनिधि, शिक्षक, कर्मचारीका छोराछोरीलाई आधारभूत तहसम्मको शिक्षा आफ्नै गाउँको सामुदायिक विद्यालयबाट लिन प्रोत्साहित गर्ने ।
९. गाउँपालिका, सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरूको साझेदारीमा छात्रवृत्तिकोष खडा गरी वडा अध्यक्षको सिफारिसमा अपांग तथा विपन्न बालबालिकाहरूलाई उच्च शिक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गर्ने ।
१०. विद्यालय तथा गाउँपालिकास्तरमा निर्माण गरिने नियम, योजना र बालबालिकासँग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा बाल सहभागिताको सुनिश्चित गर्ने ।
११. विद्यालय शान्ति क्षेत्र अभियानलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
१२. प्रत्येक विद्यालयमा स्वास्थ्य तथा सरसफाइ सम्वन्धी फोकल शिक्षकको व्यवस्था गर्ने ।
१३. वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक, व्यवहारकुशल सीप सहितको जनमुखी शिक्षा मार्फत सृजनशील, प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति तयार गर्ने ।
१४. स्थानीय स्रोत साधनको पहिचान गरी आधारभूत तहसम्म स्थानीय आवश्यकता अनुकुलको पाठ्यक्रम तयार गरी लागु गर्ने ।

## २.६ कार्यनीति

१. अभिभावकले घरमा पठन पाठनको लागि पढाई कुना (छुट्टै कोठा) बनाउने वातावरण बनाइदिन अभिभावकसँग आवश्यक समन्वय गरिनेछ ।
२. दैनिक शिक्षक विद्यार्थी उपस्थिति पार्टीको प्रयोग गर्ने, फ्लोअफ कार्ड, निरन्तर विद्यार्थी मूल्यांकन गरी कमजोर विद्यार्थीका लागि सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।
३. प्रत्येक शिक्षकलाई दैनिक पाठयोजना, घण्टीको समय विभाजन र शैक्षिक सामग्रीमा ध्यान पुऱ्याउन अनिवार्य व्यवस्था मिलाइनेछ ।
४. माध्यमिक तह सञ्चालित विद्यालयमा कक्षा ९ बाट प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गरिँदै लगिनेछ ।
५. विद्यालयमा दिइने अनुदान रकम शैक्षिक सामग्री निर्माण, प्रयोगमा खर्च भएनभएको नियमित अनुगमन गर्न अनुगमन समिति निर्माण गरी कडाइका साथ समितिलाई परिचालन गरिनेछ ।
६. गाउँपालिकाबाट विनियोजन हुने बजेटमा शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकतामा राखिनेछ ।
७. बालविकास केन्द्रका सहजकर्ता र आधारभूत तथा माध्यमिक तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम प्रदान गरिनेछ ।
८. दरबन्दी मिलान गरी कक्षागत र विद्यार्थी संख्या तथा विषयका आधारमा अपुग दरबन्दीका लागि एकमुष्ठ शिक्षण व्यवस्थापन अनुदानको व्यवस्था गरिनेछ ।
९. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रुपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।
१०. सबै विद्यालयहरूमा अन्तर विद्यालय भ्रमण गराई सिकाइ आदानप्रदान कार्यक्रमहरू संचालन गरिनेछ ।
११. कमजोर बालबालिकालाई सम्वधित विषय शिक्षककै जिम्मेवारीमा सुधारात्मक शिक्षण गरी सिकाइस्तरको वृद्धि गरिनेछ ।
१२. शिक्षकले हरेक हप्ता, विद्यालयले हरेक महिना एवम् गाउँपालिकाले त्रैमासिक रुपमा विद्यार्थी मूल्यांकन गरिनेछ । उत्तरपुस्तिका परीक्षण अन्तर विद्यालयगत रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।
१३. गुणस्तरीय सिकाइ सुनिश्चित गर्नका लागि घरमा पढ्ने वातावरण तयार गर्ने तथा विद्यालयमा सहयोग गर्नका लागि अभिभावकलाई सचेत गराइनेछ ।
१४. शिक्षकहरूलाई दलीय राजनीति गर्न नदिनको लागि आवश्यक नियम बनाई कडाइका साथ लागु गरिनेछ ।
१५. गरिब तथा आर्थिकरुपमा विपन्न परिवारलाई स्वरोजगार तथा प्राविधिक शिक्षाका लागि सम्बन्धित संस्थाहरूसंग समन्वय गरिनेछ ।
१६. शिक्षक र विद्यार्थीको नियमितताको सुनिश्चितता गरिनेछ ।
१७. भौगोलिक विकटताका कारण थोरै विद्यार्थी संख्या भएका विद्यालयका विद्यार्थीहरुको अध्ययनको सुनिश्चिताका लागि आवासीय विद्यालय तथा घुम्ति विद्यालयको व्यवस्थापन गरी विद्यालय समायोजनको नीति अवलम्बन गरिनेछ ।
१८. आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय भाषा, धर्म, कला, संस्कृति र पहिचानको संरक्षण गरिनेछ ।

### २.७ अपेक्षित उपलब्धि

१. प्रत्येक वडाको एउटा माध्यमिक  विद्यालयमा प्राविधिक तथा व्यवसायिक धार सञ्चालन भएको हुनेछ ।
२. प्रत्येक विद्यालयमा शौचालय, खानेपानी, खेलमैदान, पर्याप्त कक्षाकोठा, पुस्तकालय, ICT ल्याव, विज्ञान प्रयोगशाला, कृषि प्रयोगशाला, मनोरञ्जन कक्ष, चमेना गृह, छात्रावास लगायतका भौतिक पूर्वाधारको विकास गरेको हुनेछ ।
३. हरेक शैक्षिक क्रियाकलापको व्यवस्थित कार्यान्वयनको लागि नीति तथा मार्गदर्शन तयार गरी पूर्ण रुपमा कार्यान्वयन भएको हुनेछ ।
४. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रविधीमैत्री बनाइएको  हुनेछ ।
५. विश्व बजारको मागबमोजिम  प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकासको लागि  आधार तयार भएको हुनेछ ।
६. आधारभूत तहको लागि स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आउनेछ ।
७. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुले विद्यालय शिक्षा प्राप्त गरेको हुनेछ ।
८. विद्यार्थीको टिकाउ दर र भर्ना दरलाई शत प्रतिशत पुगेको हुनेछ ।
९. साक्षरता दर शत प्रतिशत पुगेको हुनेछ ।

### २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकताका आधारमा कार्यक्रमहरू  तर्जुमा तथा कार्यान्वयन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन । सूचकहरुमा स्थानीय तहको आधार वर्षलाई आधार मानी तय गरिएको छ ।

लिखु शिक्षा योजना २०८२

सूचाङ्कगत लक्ष्य देहाय अनुसार निर्धारण गरिएको छ।

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **१.** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | | | | | |
| १.१ | कुल भर्नादर | ९९.९ | ९६.३ | ६१.२ | ९५.९ | | ७८ | | १०४ | ८४ | ९९ | १०१ | ९० | राष्ट्रिय जनगणना २०७८ EMIS data 2080-081 |
| १.२ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| १.३ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९९.२ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| १.४ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७६.९ | ७६.९ | ९४ | ८६.२ | | ९६ | ९० | ८१ | ९८ | ९५ | ८५ | १०० | |
| **२.** | **आधारभूत शिक्षा** | | | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५.९ | ११०.५ | १०० | १०६ | ११० | १०१ | | १०० | १०० | | | १०० | |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९५.७ | ९५.९ | ९४.७ | ९९ | ९९ | ९७ | ९८.१ | ९९ | ९९ | | | ९९ | |
| २.३ | कक्षा १- ५ मा कुल भर्नादर | १२४.५ | ११६.४ | १००.६ | ११२ | ११५ | १०० | ११८ | १०५ | १०५ | | | १०० | |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९५.६ | ९५.६ | ९७.१ | ९८.४ | १०० | ९८ | १०० | ९८.१ | १०० | १०० | ९९.५ | १०० | |
| २.५ | कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | | ३ | ४.१ | ३ | ४.२ | ४ | ४ | ४ | | | ४ | |
| २.६ | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | | ७.७९ | २८.१ | ३० | १४ | ३० | ३० | १९ | | | २४ | |
| २.७ | कक्षा १- ८ मा कुल भर्नादर | १२०.४ | ११७.१ | १०१.० | १११.८ | ११२ | १०० | १११ | ११० | १०० | १०० | १०६ | १०० | |
| २.८ | कक्षा १- ८ मा खुद भर्नादर | ९५.१ | ९५.३ | ९५.८ | ९७ | ९९ | ९८ | ९७ | १०० | ९९ | १०० | ९९ | ९९.५ | |
| २.९ | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | | | १ | १ | १ | १ | १ | १ | | | | |
| २.९ | कक्षा ८ मा टिकाउ दर | ८६.२ | ८६.५ | ८५.९ | ९०.९ | | ९० | ९९.५ | | ९५ | ९९ | | ९९ | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ८०.२ | | | ८६.९ | | | ९९ | | | ९८ | | ९९ | |
| २.१२ | कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | | | | ४ | ३ | | ४ | ३ | | | ४ | |
| २.१३ | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | | १०.५३ | | ३० | २० | | ३० | २२ | | | २५ | |
| २.१४ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.९ | ५.१ | | १ | | | ० | | | ० | | ० | |
| **३.** | **माध्यमिक शिक्षा** | | | | | | | | | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९- १० | ९४.६ | ९७.९ | ९०.८ | १०५.६ | | ९५ | १०९ | ११० | १०० | १०९ | | १०० | |

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| ३.२ | खुद भर्नादर कक्षा ९- १० | ७६.५ | ७५.९ | ८१.४ | ८१.४ | | ८३ | ९६.४ | ९० | ९० | ९६.५ | | ९२ | राष्ट्रिय जनगणना २०७८ EMIS data 2080-081 |
| ३.३ | कुल भर्नादर कक्षा ९- १२ | ७१.४ | ८२.७ | ७३.२ | ३७.२ | | ७५ | ९७ | ९५ | ८५ | ९० | १०० | १०० | |
| ३.४ | खुद भर्नादर कक्षा ९- १२ | ५७.९ | ५६.२ | ५३.९ | ५८.१ | | ५८ | ७२.१ | ७० | ६५ | | ६५ | ७५ | |
| ३.५ | कुल भर्नादर कक्षा ११- १२ | ५१.५ | ६७.८ | ५८.५ | ७७.३ | ७७.१ | ६० | ८५.८ | ८५.५ | ७० | | | ७५ | |
| ३.६ | खुद भर्नादर कक्षा ११- १२ | २५.८ | ३६.९ | ३१.० | ४०.१ | ४२.५ | ४४ | ६२.२ | ६५.५ | ५० | ७४.३ | | ७५ | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६९.९ | | | ९७.९ | | ७५ | ९९ | | ८५ | ८५ | | ९५ | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३७.२ | | ३७.२ | ४२.७ | | ४५ | ५२.३ | | ५५ | ५५.२ | | ६० | |
| ३.९ | कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | | | | ५ | ५ | | ६ | ५ | | | ६ | |
| ३.१० | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४० | | १२.३४ | | ३० | १५ | | ३० | २० | | | २५ | |
| ३.११ | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | | | | ४ | ३ | | ५ | ४ | | | ५ | |
| ३.१२ | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३ | ७० | | | ४० | ३४ | | ३० | ३० | | | ३०. | |
| **३.१३** | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | | १ | १.०५ | | १ | १ | | | | १ | |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | | | | | |
| **४.१** | ६ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | ६७.८ | ९६ | ९५ | ८५ | १०० | १०० | ९० | | | ९९ | |
| **४.२** | १५-२४ वर्षको साक्षरता दर | ९२ | ६८ | ९७ | ९९ | | ८० | १०० | ९५ | ९० | | | ९९ | |
| **४.३** | १५ वर्ष माथिको साक्षरता दर | ५८ | | | ९५ | | | १०० | ७५ | | | | ९९ | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | | | | | | | | | | |
| **५.१** | आधारभूत तह | ५४. | | | ५० | ३७ | ४० | ५० | ४५ | ५० | | | ५० | |
| **५.२** | माध्यमिक तह | १९. | | | २५ | २० | ४० | ३० | २५ | ५० | | | ५० | |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पूरा गरेका विद्यालय प्रतिशत (कम्तिमा ३ सक्षमता)** | | | | | | | | | | | | | | |
| **६.१** | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५२ | | ५० | ६३ | | ७० | ९० | | ९० | | | १०० | |
| **६.२** | आधारभूत विद्यालय | १३.४ | | ५० | ७० | | ७० | ९५ | | ८५ | | | १०० | |
| **६.३** | माध्यमिक विद्यालय | | | ५० | ६० | | ७० | ९० | | ८५ | | | १०० | |
| **७. शिक्षामा लगानी** | | | | | | | | | | | | | | |
| **७.१** | कुल बजेटमा शिक्षाको बजेटको प्रतिशत | ११.६४ | | २४ | १७ | | २५ | २० | | २५ | २० | | २५ | |

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| ७.२ | कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च | १८००० | | | २१००० | | | २४००० | | | | | | |
| ७.३ | कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च | ११००० | | | १५००० | | | १७००० | | | | | | |

लिखु शिक्षा योजना २०८२

## परिच्छेद ३ - विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

### ३.१ बालविकास र शिक्षा

#### ३.१.१ परिचय

चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, आवधिक सोह्रौँ योजना, शिक्षा क्षेत्रको योजनामा समेत उल्लेख गरिएको छ । ४ वर्ष उमेरका बालबालिकाहरूको सर्वाङ्गीण पक्ष (शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक) को विकासमा सहयोग पुऱ्याइ आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम नै प्रारम्भिक बालविकास शिक्षा हो। जसले बालबालिकालाई कक्षा १ मा भर्ना हुनका लागि दरिलो आधार तयार गर्ने काम समेत गर्दछ। यो कार्यक्रम विद्यालय र समुदाय दुवैमा सञ्चालन गर्ने नीति भएपनि पछिल्ला वर्षहरूमा विद्यालयमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ। यसका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था गरिए पनि विद्यालयमा आधारित केन्द्रको हकमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिबाटै व्यवस्थित हुने गरेको छ।

#### ३.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा हाल २८ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। २८ वटा विद्यालयमा आधारित छन्। बालविकास केन्द्रमा २८६ जना बालबालिका अध्ययनरत छन्। ४ वटा बालविकास केन्द्रमा विद्यार्थी संख्या अत्यन्त न्यून रहेको छ भने केहीमा कक्षाकोठाको अभावका कारण व्यवस्थित गर्न सकिएको छैन। सहजकर्ता एक जना मात्र भएका कारण बच्चाहरूको उचित हेरविचार गर्न कठिनाइ भैरहेको छ।

#### ३.१.३ उद्देश्य

१. प्रत्येक बालबालिकालाई बालविकास केन्द्रको पहुँच सुनिश्चित गर्नु,
२. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको विकास गर्नु,
३. बालविकास केन्द्रको व्यवस्थापकीय पक्षमा सुधार गर्नु,
४. सहयोगी कार्यकर्ताहरूलाई उचित तालिमको व्यवस्था गर्नु।

#### ३.१.४ रणनीति तथा कार्यनीति

प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ :-

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षामा समतामूलक र समावेशी सहभागिता सहित पहुँच र गुणस्तर बढाउनु, | - प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको, बालमैत्री, समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गरिनेछ।<br>-सबै बालबालिकालाई सिकाइको समान अवसर प्रदान गर्ने वातावरण निर्माण गरिनेछ। | - बालविकास कक्षाको हालको स्तर पहिचान सर्वेक्षण गरी अवस्था पत्ता लगाइनेछ।<br>- हालको स्थितिको आधारमा बालविकास कक्षालाई क स्तर , ख स्तर र ग स्तर गरी तीन वर्गमा वर्गीकरण गरिनेछ।<br>- वर्ग अनुसार आवश्यक सहयोग गर्न कार्ययोजना बनाइनेछ।<br>- कार्ययोजना अनुसार विभिन्न संस्थाहरूको समेत सहयोग लिई बालविकास कक्षालाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डस्तरमा पुऱ्याइनेछ।<br>- सुरक्षित, आकर्षक र बालमैत्री कक्षाकोठा र खेलकुद क्षेत्रको विकास गरिनेछ। सहजकर्ताहरूको नियमित तालिम र व्यवसायिक विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>- बालविकास शिक्षाका कक्षाहरूमा डिजिटल शिक्षण सामग्री र उपकरणहरूको व्यवस्था गरिनेछ।<br>-समावेशी ,बालबालिका मैत्री ,बालविकास तथा शिक्षाका संरचना निर्माण गर्दा सुरक्षित समतामूलक तथा आकर्षण संरचनाको मापदण्ड अनुसार निर्माण र सुधार गरिनेछ।<br>- गरीब र पिछडिएका समुदायका बालबालिका एवम् विशेष आवश्यकताका बालबालिकालाई आवश्यक सहयोग तथा छात्रवृत्तिको व्यवस्था गरिनेछ।<br>- सरकारी र गैरसरकारी संस्थासँग सहकार्य तथा समन्वय गरी बालविकास कार्यक्रमहरूको विस्तार र सुदृढीकरण गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | -प्रारम्भिक बालविकास कार्यक्रमहरूको नियमित अनुगमन गरिनेछ। - बालबालिकाको सख्याको आधारमा थप सहजकर्ता व्यवस्थापन गरी केन्द्रको शिक्षण सिकाइलाई गुणस्तरीय बनाइनेछ। |
| सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गर्नु , | -अभिभावकहरूलाई पूर्व-प्राथमिक शिक्षाको महत्त्व र फाइदाहरूको बारेमा जानकारी दिन अभियान सञ्चालन गरिनेछ। | - समुदायका अगुवाहरू, समाजसेवीहरू र स्थानीय सङ्घ संस्थाहरूको सहयोगमा पूर्व-प्राथमिक शिक्षाको महत्वको बारेमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरी समुदायका सबै बालबालिकाहरुलाई बालविकास कक्षामा भर्ना गरिनेछ। - सामाजिक संजालको माध्यमबाट जनचेतना बढाइनेछ। - भर्नाको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ। |
| बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु, | -समुदाय तथा अभिभावकहरूलाई बालविकास शिक्षाको महत्व र अवधारणाको बारेमा बोध गराइनेछ। | बालविकास, आमाबाबु वा अभिभावक तथा समुदायका लागि प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ। |

### ३.१.५ उपलब्धि, मुख्य नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य

**क अपेक्षित उपलब्धि**

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित।

**ख नतिजा**

- प्रारम्भिक बालविकास र शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास शिक्षा कार्यक्रममा सहज पहुँच।
- प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकाहरूलाई अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर।
- सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन भएको।
- प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमको नमुना विकास ।
- प्रारम्भिक बालविकास शिक्षा कार्यान्वयनमा गाउँपालिका परिवार, समुदाय, गैरसरकारीसंस्था र विद्यालयहरू जिम्मेवार।

लिखु शिक्षा योजना २०८२

**प्रारम्भिक बालविकास शिक्षाका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण | पटक | १ | | | | | १ | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | अनाथ, असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | ओटा | | १ | १ | १ | १ | ४ | ८ | |
| ६ | सहयोगी कार्यकर्ता र शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास | पटक | १ | | | | | १ | १ | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार | ओटा | | ४ | ४ | ४ | २ | १४ | २८ | |
| १० | सहजकर्ताको योग्यता क्षमता र पेसागत विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत् स्थानीय ज्ञान तथा सीपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घ संस्थाहरूको सहभागीता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | उत्कृष्ट बाल विकास सहजकर्ता प्रोत्साहन कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १८ | न्यूनतम मापदण्ड पूरा गरि बालविकास केन्द्रहरूलाई नमुना बालविकासमा केन्द्रको रुपमा सुदृढिकरण | सङ्ख्या | | ४ | ४ | ४ | २ | १४ | २८ | |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ताको सेवा तथा सुविधामा वृद्धि | पटक | | | १ | | | १ | २ | |
| २१ | विद्यालय वा समुदायमा आधारित बालउद्यान निर्माण | सङ्ख्या | | ४ | ४ | ४ | २ | १४ | २८ | |
| २२ | बालविकासका शिक्षकलाई उत्कृष्ट बालविकासकेन्द्रको अवलोकन  भ्रमण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

लिखु शिक्षा योजना २०८२

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था, जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहको हुने उल्लेख गरेको छ। आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापनमा सहयोग गर्दछ। यसले व्यक्तिलाई आजीवन सिकाइको मार्ग प्रशस्त गरी राज्यको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ।

### ३.२.२ वर्तमान अवस्था

लिखु गाउँपालिकाभित्र २२ ओटा सामुदायिक विद्यालयहरूमध्ये आधारभूत विद्यालय १४ ओटा रहेकामा ५ कक्षासम्म सञ्चालित ९ ओटा र ८ कक्षासम्म सञ्चालित विद्यालयहरू ५ ओटा रहेका छन। प्राथमिक तहमा १०० र निम्नमाध्यमिक तहमा ४० गरी आधारभूत तहमा १४० शिक्षक रहेका छन। **शैक्षिक सत्र २०८१ को तथ्याङ्क** अनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म छात्रा ६७६ र छात्र ६४९ गरी जम्मा १३२५ विद्यार्थी अध्ययनरत देखिन्छ, जसमा दलित छात्रा १३४ छात्र ११३ गरी २४७ जना तथा जनजाती तर्फ छात्रा २२९ छात्र २३४ गरी जम्मा ४६३ विद्यार्थीहरु अध्ययनरत छन।

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन विगतमा धेरै प्रयास गरिएका छन। विशेष गरी दलित र आर्थिक एवं सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहेने वा कक्षा छाड्ने बढी देखिन्छन्। आधारभूत शिक्षाको पहुँचमा आर्थिक र सामाजिक स्थितिमा आधारित असमानताहरू विद्यमान छन्। आर्थिक र सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ। कक्षा ८ को टिकाउ दर १०० प्रतिशत रहेको छ। प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC-Textbook, Teacher, Toilet, Classroom & Learning Materials/Book Corner) पूरा गरेका विद्यालयहरू करिब १०० प्रतिशत रहेका छन्। विद्यालयको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ। बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार एवम् सुधार गर्नुपर्ने छ। पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ। आधारभूत तहमा बालबालिकाको विद्यालय छोड्ने र कक्षा दोहोर्याउने उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ।

आधारभूत तहमा देहायवमोजिमका समस्या तथा चुनौतीहरु पहिचान गरिएको छः

**आधाभूत तहका सामस्या**हरू

१. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी तथा जवाफदेही नबनाउनु,
२. अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन नगर्नु,
३. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित नगर्नु,
४. बालबालिकालाई सुरक्षित, बालमैत्री तथा सिकाइ अनुकुल वातावरणको व्यवस्था नगर्नु,
५. सुचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढंगले प्रयोग नगर्नु,
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रवन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित नगर्नु,
७. विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील नबनाउनु,



लिखु शिक्षा योजना २०८२

८. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित पारदर्शी, नतिजामा  आधारित र अनुमान योग्य नबनाउनु,
९. विद्यालय छाड्ने दर उच्च हुनु,
१०. उच्च सिकाइ सक्षमता सहित तह पुरा गर्ने दर कम हुनु,
११. आवश्यकताको आधारमा शिक्षकहरुको दरबन्दी वितरण नहुनु,
१२. समय अनुकुल शिक्षकहरु शिक्षणविधि, प्रविधि तथा विषयवस्तुसँग अध्यावधिक नहुनु,
१३. भौतिक पुर्वाधारको समस्या हुनु,
१४. विषयगत (मुलतः अंग्रेजी, गणित, विज्ञान) शिक्षक परिपूर्ती गर्न नसक्नु,
१५. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु,
**१६.** तालिममा सिकेको कुरा कक्षा कोठामा कार्यान्वयन नगर्नु ।

### ३.२.३ लक्ष्य

सबै बालबालिकाहरूका लागि गुणस्तरिय आधारभूत शिक्षा सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्य

आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु मुख्य उद्देश्य रहेको छ ।  यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्न लिखित उद्देश्य तय गरेको छ ।

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. आधारभूत तह(१-३) का बालबालिकाको पठन क्षमतामा सुधार ल्याउनु,
३. प्रविधि समावेशी शिक्षणको (Technology-Integrated Teaching) माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय बनाउनु,
४. विद्यार्थीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षाको सुनिश्चित गर्नु,
५. सबै बालबालिकहरूले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु,
६. आधारभूत तहका सबै बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नु,

### ३.२.४. रणनीति तथा कार्यनीति

माथि उल्लिखित उद्देश्य हासिल गर्न निम्नलिखित रणनीति अवलम्बन गरिनेछ :

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नु, | अभिभावक र समुदायलाई शिक्षाको महत्त्वबारे सचेत गराउने । | -आधारभूत तहका  बालबालिकाका आमाबाबु वा अभिभावक तथा समुदायका लागि सोही तहका शिक्षक  मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ ।<br>-प्रेरणादायक वक्ताहरूलाई (**Motivational Speakers)** बोलाएर शिक्षाको महत्त्वबारे अभिभावक र समुदायलाई जागरूक बनाइने छ ।<br>-विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई आमन्त्रित गरिनेछ ।<br>-विद्यालयमा भइरहेका राम्रा अभ्यास र सफल प्रयोगहरूको बारेमा अभिभावकहरूलाई जानकारी गराई समुदायमा समेत त्यसको प्रचार प्रसार गरिने व्यवस्था मिलाइनेछ । |
| | अपाङ्गता भएका बालबालिकाहरूको लागि समावेशी शिक्षा र आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाहरूको | -विद्यालय भवन र कक्षाहरू अपाङ्गमैत्री बनाई आवश्यकता अनुसार सहायक सामग्रीको व्यवस्था गरिनेछ । |

| | | |
|---|---|---|
| | लागि छात्रवृत्ति र अन्य सहयोगी कार्यक्रमहरू सञ्चालन गर्ने। | - डिजिटल र इ-लर्निङ सामग्रीहरू व्यवस्थापन गरी सबै बालबालिकाहरूलाई सिकाइ क्रियाकलापमा पहुँच योग्य बनाइने छ।<br>- समावेशी शिक्षा प्रवर्धनका लागि शिक्षकहरूलाई समावेशी शिक्षण सम्बन्धी तालिम दिइनेछ।<br>- आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति तथा अन्य सहायता उपलब्ध गराइनेछ। |
| | विद्यालय र समुदायबीचमा विश्वासको वातारण सृजना गर्ने। | -विद्यालयका योजनाहरू, नीतिहरू र प्रगतिसम्बन्धी जानकारी समुदायलाई समयमै दिने व्यवस्था गरिनेछ।<br>- पारदर्शीता कायम राख्नका लागि विभिन्न संचार माध्यमको प्रयोग गरिनेछ।<br>- अभिभावकहरूलाई शिक्षा र बालबालिकाको भविष्यबीचको सम्बन्धबारे जानकारी दिइनेछ।<br>- विद्यालयमा नियमित उपस्थित अभिभावक र विद्यार्थीहरूलाई पुरस्कृत तथा सम्मान गरिनेछ।<br>- शिक्षक अभिभावक संघ मार्फत अभिभावकहरूको सुझाव र प्रतिक्रिया लिने प्रणाली विकास गरिनेछ। |
| आधारभूत तह(१-३) का बालबालिकाको पठन क्षमतामा सुधार ल्याउनु , | -प्रारम्भिक कक्षा(१-३) को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने।<br>- प्रारम्भिक कक्षा(१-३)को महत्त्वका बारेमा अभिभावक र समुदायलाई सचेत गराउने। | - प्रारम्भिक कक्षाको लागि स्पष्ट उद्देश्य र लक्ष्य निर्धारण गरी प्रत्येक कक्षामा हासिल गर्नुपर्ने पठन क्षमता निर्धारण गरी समय समयमा मूल्याङ्कन गरिनेछ।<br>-प्रारम्भिक कक्षाको स्थान, समय र आवश्यकतानुसार डिजिटल तथा सहयोगी सामग्रीहरूको व्यवस्था गरिनेछ।<br>-प्रारम्भिक कक्षा (१-३) सम्बन्धित शिक्षकहरूलाई तालिम तथा प्रशिक्षण दिइनेछ।<br>-सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि बहुभाषिक शिक्षण गरी प्रारम्भिक कक्षा पठनलाई प्रभावकारी वनाइनेछ।<br>- प्रारम्भिक कक्षा (१-३) को महत्त्वका बारेमा अभिभावक र समुदायमा व्यक्तिगत भेटघाट, अभिभावक भेला, न्यूजलेटर, सामाजिक सञ्जाल, तथा वेबसाइट आदिबाट प्रचार प्रसार गरिनेछ।<br>- बालबालिकाका लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन गरिनेछ। |
| प्रविधि समावेशी शिक्षणको (Technology-Integrated Teaching) माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय बनाउनु, | -स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गर्ने।<br>- कक्षाकोठामा राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाउने। | - विद्यार्थीहरूको शैक्षिक स्तर, रुचि र क्षमता विश्लेषण गर्दै सांस्कृतिक, आर्थिक र सामाजिक आवश्यकताहरूको मूल्यांकन गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई परिमार्जन गर्दै लगिनेछ।<br>-राष्ट्रिय पाठ्यक्रम, शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिनेछ।<br>-पाठ्यक्रमसम्बन्धी अनुभव भएका शिक्षकहरूबाट नवप्रवेशी शिक्षकहरूलाई मेन्टेरिङ र कोचिङ सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।<br>- पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ।<br>- विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था गरिनेछ। |

| | | |
|---|---|---|
| | | - शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्यांकन गर्ने एवम् सुधारका लागि पृष्ठपोषण दिने र उत्कृष्ठ देखिएका शिक्षकहरूलाई सम्मानित गरिनेछ। |
| | - विद्यालयमा नविनतम प्रविधिहरूको स्थापना गर्ने। | -सबै आधारभूत विद्यालयहरूमा डिजीटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रुपमा प्रयोगमा ल्याइने छ। बारेमा शिक्षकहरूलाई प्रशिक्षण गरी शिक्षण सिकाइमा प्रविधिहरूको प्रयोगमा दक्ष बनाइनेछ। |
| विद्यार्थीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षाको सुनिश्चित गर्नु, | -विद्यार्थीहरूको शारीरिक , मानसिक, र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने। | विद्यालयमा हुन सक्ने भेदभाव र दुर्व्यवहारविरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम, कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। |
| | विद्यालय सुरक्षा नीति बनाई कार्यान्वयन गर्ने। | सुरक्षा नीतिको अनुशरण गर्न विद्यार्थी,शिक्षक, समुदाय, अभिभावक तथा विद्यालयलाई जिम्मेवार बनाइनेछ। |
| सबै बालबालिकहरूले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु, | - विद्यार्थीहरूको प्रगतिको नियमित मूल्यांकन गरी तिनीहरूको कमजोरी पहिचान गर्ने।<br>-आधारभूत तह उमेरका बालबालिका विद्यालय वाहिर नरहेको सुनिश्चितताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाउने। | -विषयगत, कक्षागत, विद्यालयगत र पालिकागत सिकाइ उपलब्धि निर्माण, विश्लेषण तथा पृष्ठपोषणका कार्यक्रम संचालन गरिने छ।<br>-नियमित विद्यालयमा जानै नसक्ने समूहका बालबालिकाका लागि सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउनेछ।<br>- पृष्ठपोषणको आधारमा सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाइनेछ।<br>-आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य सम्बन्धी ऐन नियमलाई कडाइका साथ लागु गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गरिनेछ। |
| आधारभूत तहका सबै बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नु, | विद्यालयबाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्य **(Innovative Work)** को आधारमा प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउने। | -विद्यालयबाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्य **(Innovative Work)** को आधारमा गाउँपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।<br>-विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गरिनेछ। |

**३ .२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क. उपलब्धिः**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा शतप्रतिशत बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।

**ख. मूख्य नतिजाहरू:**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा सहभागी।
२. सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार, सिकाइ सामग्री र सक्रिय शिक्षकको व्यवस्थापन।
३. पौष्टिक र स्वस्थकर दिवा खाजाबाट बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार।
४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाको अपेक्षित सिकाइ उपलब्धि हासिल।
५. भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार।
६. प्राकृतिक प्रकोप, सङ्कट र महामारीप्रति विद्यालय शिक्षा प्रणाली उत्थानशील।

७. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार।
८. कार्यरत जनशक्तिको क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाह र सुशासन कायम।
९. बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल।
१०. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग।

लिखु शिक्षा योजना २०८२

**आधारभूत तहका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | | १ | | | | १ | २ | |
| २ | दरवन्दी पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | आधारभूत तहका शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | कक्षा ६ देखि ८ सम्मका छात्रालाई सेनिटरी प्याड | छात्रा | सबै | सबै | सबै | सबै | सबै | | | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ५ | १० | १५ | १७ | १८ | २० | २२ | |
| ८ | प्रारम्भिक कक्षाको न्यूनतम प्याकेज व्यवस्थापन र संचालनका लागि विद्यालयलाई अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनःसंरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १५ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १६ | शैक्षिक सूचना प्रणाली व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | वि.व्य.स., शि.अ.स.का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | अभिभावक अभिमुखीकरण र सहभागीता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | कक्षा १ देखि ३ सम्म बालमैत्री कक्षाकोठाको व्यवस्था | विद्यालय | ५ | १० | १५ | १७ | १८ | २० | २२ | |
| २१ | कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री बसाइ व्यवस्थापन | विद्यालय | ५ | १० | १५ | १७ | १८ | २० | २२ | |
| २२ | कक्षा पुस्तकालय वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाइको अवसर प्रदान | सबै विद्यालयमा | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेटको व्यवस्था | विद्यालय | ५ | १० | १५ | १७ | १८ | २० | २२ | |
| २४ | विद्यालयमा बालक्लव र खेलकुदक्लब गठन | विद्यालय | ५ | १० | १५ | १७ | १८ | २० | २२ | |
| २५ | प्रेरणादायक (Motivational Speaker ) वक्ता मार्फत विद्यार्थी तथा अभिभावकका लागि सेमिनार कार्यक्रम सञ्चालन (वडास्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २६ | शैक्षिक अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २७ | बाल समूह गठन तथा बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २८ | दिवा खाजा कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

लिखु शिक्षा योजना २०८२

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले माध्यमिक तहको शिक्षा नि:शुल्क हुने व्यवस्था गर्नुका साथै विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समेटेको छ। कक्षा ९ देखि १२ सम्म दिइने शिक्षा माध्यमिक शिक्षा हो। राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चितता गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनसँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ। माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीप सहितको नागरिक तयार तथा उच्च शिक्षाको लागि आधार तयार गर्नु हो। माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान तथा प्रविधिको क्षेत्रमा आधारभूत ज्ञान, सीप तथा व्यवहार आर्जन गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्दछ।

### ३.३.२ वर्तमान अवस्था

यस लिखु गाउँपालिकाभित्र साधारण धारका ८ ओटा माध्यमिक विद्यालय सञ्चालनमा छन्। १२ कक्षासम्म सञ्चालित ४ ओटा विद्यालय छन्, तीमध्ये एउटा विद्यालयमा प्राविधिक धार अन्तर्गत बाली विज्ञान संकाय सञ्चालनमा छ। **शैक्षिक सत्र २०८१ को तथ्याङ्क** अनुसार कक्षा (९-१०) मा ४३२ जना र कक्षा (११-१२) मा ३७८ विद्यार्थीमध्ये दलित विद्यार्थी क्रमश: ७५ र ४७ जना छन। माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार आएको छ। विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाले कक्षा छाड्ने दर बढी देखिन्छ।

कक्षा (६-८) कक्षा (९-१०) तथा कक्षा (११-१२) मा शिक्षक अपर्याप्त छन्। यसले गर्दा माध्यमिक शिक्षामा गुणस्तर सुधार हुन सकेको छैन। दलित समुदायका बालबालिकाको पहुँच कम देखिन्छ। कक्षा ८, १० र १२ को नतिजा हेर्दा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेको देखाउँछ। न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न शिक्षकलाई नयाँ ज्ञान, सीप र प्रविधिमा अद्यावधिक गराउनु पर्ने देखिन्छ।

गाउँपालिकामा शिक्षाका कर्मचारीको व्यवस्था भए पनि प्रशासनिक कार्यकै बोझ बढी भएकोले विद्यालयको अनुगमन तथा सुपरीवेक्षण र शिक्षण सहायता प्रणाली कमजोर देखिएको छ। वर्तमान संरचना शिक्षकको पेसागत सहयोग गर्ने कार्यमा पर्याप्त छैन। गाउँपालिकाको वर्तमान अवस्था विश्लेषण गर्दा निम्नानुसारका समस्याहरू विद्यमान देखिन्छ**:**

१. माध्यामिक शिक्षा पूर्ण निःशुल्क हुन नसकेको।
२. विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था हुन नसकेको।
३. विद्यार्थी, विद्यालय र शिक्षक अनुपात मिलाउन नसकिएको।
४. शैक्षिक उपलब्धि वृद्धि हुन नसकेको।
५. प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गर्न नसकिएको।
६. विद्यालयमा विज्ञान प्रयोगशाला, **ICT** कक्षा, बुक कर्नर पर्याप्त नभएको।
७. कक्षा व्यवस्थापन प्रभावकारी हुन नसकेको।
८. विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन नसकिएको।
९. विषयगत पाठ्यक्रम र शिक्षक निर्देशिका विद्यालयमा नै व्यवस्था गर्न नसकिएको।
१०. विषय शिक्षक प्रोत्साहन कार्यक्रम लागु गर्न नसकिएको।
११. विषयगत दरबन्दी न्यून भएको।

लिखु गाउँपालिकाको वर्तमान अवस्था र मौजुदा व्यवस्थाको विश्लेषण गर्दा निम्नानुसारका अन्तर**(Gap)** देखिन्छ।

१. निःशुल्क माध्यमिक शिक्षा पूर्ण रुपमा लागु हुन नसकेको।

२. वार्षिक कार्य योजना, वार्षिक कार्यपात्रो कार्यान्वयन हुन नसकेको ।

३. प्रोत्साहन कार्यक्रमलाई सिकाइ उपलब्धिसँग जोड्न नसकेको ।

४. विद्यालयमा बालमैत्री र अपाङ्गमैत्री संरचना निर्माण हुन नसकेको ।

५. सबै विद्यालयहरुमा पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध गराउन र प्रयोगमा ल्याउन नसकिएको ।

६. कक्षा ११ र १२ मा विद्यार्थी नियमित गराउन नसकिएको ।

७. आन्तरिक मूल्याङ्कन तथा प्रयोगात्मक कार्यको मापदण्ड अनुसार प्रयोगमा ल्याउन नसकिएको ।

८. उपलब्ध शैक्षिक सामग्रीहरुको अर्थपूर्ण प्रयोग गर्न नसकेको ।

९. पर्याप्त शिक्षकहरु भएका विद्यालयहरुमा पनि आफ्नो जिम्मेवारी बोध नहुदा सिकाई उपलब्धि न्युन रहेको ।

१०. कक्षा ११ र १२ मा विज्ञान विषयप्रति आकर्षण बढाउन नसकेको ।

११. कक्षा ११ र १२ मा विज्ञान विषय पालिकाको प्राथमिकतामा नपरेको ।

### ३.३.३ उद्देश्य

१. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउनु,

२. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।

### ३.३.४ रणनीति तथा कार्यनीति

देखिएका समस्याहरू समाधान गर्दै उदेश्यहरु पूरा गर्न देहाय अनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउनु, | - सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्न विद्यालयमा निष्पक्ष प्रवेश प्रणाली लागू गर्ने । | -विद्यालयमा भर्ना हुन आउने विद्यार्थीहरूमा उनिहरूको लिङ्ग, जात तथा अपाङ्गता आदीको आधारमा कुनै भेदभाव नगरी विद्यालयमा भर्ना गरिने वातावरण तयार गरिनेछ । |
| | -शिक्षक, विद्यार्थी र अभिभावकबिच सकारात्मक र सहयोगी सम्बन्ध निर्माण गर्ने । | -विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी एक आपसमा विचार आदान प्रदान गरिइनेछ ।<br>-विद्यालयमा भइरहेका राम्रा अभ्यास र सफल प्रयोगहरूको बारेमा अभिभावकहरूलाई जानकारी गराई समुदायमा समेत त्यसको प्रचार प्रसार गर्ने व्यवस्था मिलाइनेछ । |
| | विद्यालयका भवन, कक्षाकोठा, शौचालय तथा अन्य भौतिक सुविधाहरू अपाङ्गमैत्री, लैगिङ्क मैत्री, बालमैत्री हुने गरी सुधार तथा निर्माण गर्ने । | -विद्यालयको भवन, कक्षाकोठा, शौचालय तथा अन्य सुविधाहरूलाई अपाङ्गमैत्री, लैगिङ्कमैत्री एवम् बालमैत्री बनाउनका लागि सम्बन्धित विद्यार्थीहरूको समेत सल्लाह सुझाव लिई उक्त सुविधाहरूको डिजाइन, निर्माण तथा सुधार गरिनेछ । |
| | - शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी तथा बालमैत्री शिक्षण विधि तथा क्रियाकलापमाआधारित भई नियमित तालिम दिइने । | -शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी तथा बालमैत्री शिक्षण विधि तथा क्रियाकलापलाई सम्बोधन हुने गरी तालिम प्रदान गरिनेछ ।<br>- समूह कार्य र सहभागितामूलक शिक्षण विधिहरू प्रयोग गरी सिकाइलाई रमाइलो र आकर्षक बनाइनेछ । |
| | -शारीरिक, मानसिक र भावनात्मक रूपमा सुरक्षित र सहयोगी विद्यालय वातावरण निर्माण गर्ने । | विद्यालयमा हुन सक्ने सबै प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम, कार्यशाला तथा |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | सचेतना कार्यक्रम सञ्चालन गरी विद्यालयमा एक संयन्त्र स्थापना गरिनेछ । |
| | गरीब र असमर्थ समुदायहरूका बालबालिकाको लागि आर्थिक अथवा भौतिक सहयोग उपलब्ध गराउने। | -आर्थिक रुपमा असमर्थ विद्यार्थीहरूलाई वित्तिय सहायता उपलब्ध गराइनेछ।<br>- गरीब र असमर्थ बालबालिकालाई विभिन्न सङ्घ संस्थाहरूको समेत सहयोग लिई विविध शैक्षिक सामग्री र अन्य भौतिक सुविधा प्रदान गरिने छ।<br>-विद्यालयमा अभिभावक दिवस, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरूमा विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि शुल्क नलिई नि:शुल्क माध्यमिक शिक्षा प्रदान गरिरहेको भनि स्वघोषणाको कार्यक्रम सञ्चालन गरिनेछ।<br>-निजी क्षेत्र र गैर-सरकारी संस्थाहरूसँग सहकार्य गरी अतिरिक्त स्रोतहरूको व्यवस्थापन गरिनेछ।<br>- निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित निगरानी र मूल्यांकन गरिनेछ। |
| माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु, | विद्यालयमा लिङ्ग, जातजाती, धर्म तथा अपाङ्गता भएका विद्यार्थीहरूका लागि समतामूलक पहुँचको लागि समानता र सहिष्णुताको वातावरण सुनिश्चित गर्ने। | -शैक्षिक रूपमा पछाडि परेका विद्यार्थीहरूलाई अतिरिक्त कक्षा सञ्चालन गरिनेछ।<br>-विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि आवश्यक सुविधा र सहयोगको व्यवस्था मिलाइनेछ।<br>-छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| | -कक्षा कोठामा पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाउने। | -नयाँ पाठ्यक्रम, शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिनेछ।<br>-पाठ्यक्रम सम्बन्धी अनुभव भएका शिक्षकहरूबाट नयाँ शिक्षकहरूलाई मेन्टेरिङ र कोचिङ कार्यक्रम सञ्चालन गरिनेछ।<br>- पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ।<br>- विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था मिलाइनेछ।<br>- शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्यांकन एवम् सुधारका लागि पृष्ठपोषण दिइने र उत्कृष्ठ देखिएका शिक्षकहरूलाई सम्मानित गरिनेछ। |
| | - नविनतम शैक्षणिक प्रविधि र डिजिटल शिक्षण सामग्रीहरूको व्यवस्थापन तथा प्रयोग गर्ने। | - सबै माध्यमिक विद्यालयहरूमा डिजिटल प्रविधि प्रयोगशाला, इ-पुस्तकालय र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रुपमा प्रयोगमा ल्याइनेछ।<br>-गाउँपालिका भित्र एक वडा एक स्मार्ट विद्यालय स्थापना गरी मूल्याकंन प्रणालीलाई समेत अनलाइन गरिनेछ।<br>-विद्यालयहरूमा स्मार्टबोर्ड, कम्प्युटर, द्रुत गतिको इन्टरनेट जस्ता डिजिटल उपकरण तथा सफ्टवेयरहरू स्थापना गरिने छ।<br>- अनलाइन प्लेटफर्ममा पाठ्यसामग्री, भिडियो लेक्चर र इ-बुकहरू उपलब्ध गराइनेछ। |

लिखु शिक्षा योजना २०८२

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | - शिक्षकहरूलाई डिजिटल शिक्षण विधिहरूमा तालिम दिइनेछ ।<br>- डिजिटल साक्षरता सम्बन्धी शिक्षक, अभिभावक, विद्यार्थी तथा सामाजिक अगुवा र जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | STEAM Education लाई सिकाइ रणनीतिका रूपमा कार्यान्वयन गर्ने । | - STEAM Education सम्बन्धी शिक्षकहरूलाई तालिम दिई उक्त Education लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>- विशेषगरी STEAM संग सम्बन्धित विषयहरूमा विषयगत प्रयोगशाला स्थापना गरी प्रयोगशालाहरूलाई प्रभावकारी रुपमा संचालन गर्न विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ ।<br>- STEAM Education सम्बन्धी पालिकास्तरीय प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरष्कृत गरिनेछ । |
| सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु, | -प्रत्येक विद्यार्थीको क्षमता र आवश्यकता अनुसार व्यक्तिगत शिक्षण योजना गर्ने । | -विद्यार्थीको शैक्षिक आवश्यकता, क्षमता र रुचिहरू पहिचान गर्न प्रारम्भिक मूल्यांकन गरिनेछ ।<br>-शिक्षक र अन्य शिक्षण सहायकहरूको समन्वयमा IEP तयार गरिनेछ ।<br>- IEP को प्रभावकारिता सुनिश्चित गर्न नियमित रूपमा समीक्षा गर्ने र आवश्यकतानुसार परिमार्जन गरिनेछ ।<br>-विद्यार्थीको विशेष आवश्यकताहरू पूरा गर्न उपयुक्त शैक्षिक स्रोत र साधनको व्यवस्थापन गरिनेछ । |
| | विद्यार्थीहरूको नियमित रूपमा प्रगति मूल्यांकन गर्ने । | - विद्यालयगत र पालिकागत सिकाइ उपलब्धिको विश्लेषण गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।<br>- कार्यक्रमको आधारमा शिक्षक तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाइनेछ । |
| | विद्यालयबाट शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रवर्तनात्मक कार्यको आधारमा प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयन गर्ने । | -विद्यालयबाट शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रवर्तनात्मक कार्यको आधारमा गाउँपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।<br>-विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गरिनेछ । |

### ३.३.५ उपलब्धि, मुख्य नतिजा, मुख्य क्रियाकलाप

**क. उपलब्धि**

निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन तथा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**ख. नतिजा**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई सिकाइ उपलब्धि स्तर, खुद भर्ना तथा टिकाउ दरमा वृद्धि,
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा,
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि,
४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण,
५. माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल,

६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार,

७. माध्यमिक विद्यालयहरु प्राकृतिक प्रकोप, संकट तथा महामारीप्रति उत्थानशील,

८. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग,

९. माध्यमिक तहको शिक्षामा सुशासन कायम,

१०. माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह।

लिखु शिक्षा योजना २०८२

**माध्यमिक तहका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका निर्माण | पटक | १ | | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँचका लागि बसको व्यवस्था | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | माध्यमिक विद्यालय | १ | २ | ५ | ६ | ७ | ९ | ९ | सङ्घ र स्थानीय तह |
| ५ | प्रविधि तथा व्यवहारकुशल सीपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १०० | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | वि.व्य.स., शि.अ.स.का पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | प्रदेश तथा स्थानीय तह |
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउन आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | | १ | | | | १ | १ | स्थानीय तह |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १ | २ | ५ | ६ | ७ | ९ | ९ | सङ्घ र स्थानीय तह |
| ९ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ तथा स्थानीय तह |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | आर्थिक रूपमा विपन्नका लागि छात्रवृत्ति, पोशाक तथा शैक्षिक सामग्री सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १ | ३ | ५ | ६ | ७ | २२ | २२ | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | १ | ३ | ५ | ६ | ७ | २२ | २२ | |
| १४ | सिक्दै कमाउँदै कार्यक्रम व्यवस्थापन | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | |
| १५ | बुक फ्री फ्राइडे (पुस्तकरहित शुक्रबार) व्यवस्थापन | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | |

लिखु शिक्षा योजना २०८२

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

### ३.४.१ परिचय

सीपयुक्त जनशक्ति नै देश विकासका मूल आधार हुन् भन्ने मान्यतालाई मनन् गर्दै आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न वि.सं. २०३७ मा प्राविधिक शिक्षालय योजना लागू भई जुम्लामा सर्वप्रथम कर्णाली प्राविधिक शिक्षालयको स्थापना भएको थियो। तत्पश्चात लाहान प्राविधिक शिक्षालय सिराहा, उत्तरपानी प्राविधिक शिक्षालय धनकुटा, जिरी प्राविधिक शिक्षालय, दोलखा क्रमशः स्थापना भएको पाइन्छ। प्राविधिक शिक्षालय योजना कार्यान्वयन सम्बन्धी नीतिगत मार्गदर्शनका लागि वि.सं. २०३९ मा राष्ट्रिय शिक्षा समिति अन्तर्गत रहने गरी राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम समिति गठन भयो। देशका विभिन्न स्थानमा स्थापना भएका प्राविधिक शिक्षालयहरूको व्यवस्थापन एवं प्रशासनिक कामकाजका लागि प्राविधिक तथा व्यवसायिक शिक्षा निर्देशनालय गठन भयो। प्राविधिक तथा व्यवसायिक शिक्षा पद्धतिको समग्र विकासका लागि समन्वय र सहजीकरण गर्न छुट्टै निकायको आवश्यकता महसुस भयो। आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (TVET) प्रदायक निकायहरुसँग समन्वय गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका कार्यक्रमहरुको विस्तार गर्ने मूल उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त निकायको रुपमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्थापना भएको हो।

सीपयुक्त जनशक्ति मार्फत एकातिर राष्ट्रको विकास सम्भव छ भने अर्कोतिर रोजगारी, स्वरोजगारी र आयआर्जनका दृष्टिले समेत प्राविधिक जनशक्तिको भूमिका अग्रस्थानमा देखिन्छ। विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलनको आवश्यकता पर्दछ। सुरुवाताका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएतापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ। कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ। प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेका समुदाय लगायतका सबै वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने देखिन्छ। **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ ओटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरेको छ र कक्षा ९ देखि १२ सम्म ५ ओटा विधामा कक्षा सञ्चालन भइरहेको छ। कम्तिमा सबै स्थानीय तहमा एक ओटा प्राविधिक धार अन्तर्गतको विद्यालय शिक्षा व्यवस्था गर्ने नेपाल सरकारको नीतिगत व्यवस्था रहेको छ।

### ३.४.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत ६५ ओटा आङ्गिक शिक्षालय, ५२ ओटा साझेदारी स्वरुपमा सञ्चालनमा रहेका शिक्षालय, ६३६ ओटा प्राविधिक शिक्षा संचालन गर्न अनुमति पाएका सामुदायिक विद्यालय, ४२९ ओटा सम्बन्धन प्राप्त निजी शिक्षालय र १,५६० ओटा छोटो अवधिको तालिम सञ्चालन गर्न स्वीकृति लिएका निजी तालिम प्रदायक संस्थामार्फत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका कार्यक्रमहरु सञ्चालन भइरहेका छन्।

यस गाउँपालिकामा विद्यालय तहको शैक्षिक कार्यक्रम अन्तर्गत ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक विद्यालयमा कक्षा ९ देखि १२ सम्म प्राविधिक धारको बाली विज्ञानको पढाइ भइरहेको छ। कक्षा (९ -१२) मा छात्रा २६ र छात्र २७ गरि जम्मा ५३ जना विद्यार्थी अध्ययनरत रहेका छन्।

प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमक सन्दर्भमा भएका नीतिगत, संस्थागत व्यवस्थाका बाबजुद वर्तमान अवस्थाको विश्लेषण गर्दा देहायका अन्तर देखिन्छः

१. प्राविधिक शिक्षातर्फ अभिभावकको चासो भएता पनि विद्यार्थीमा रुचि, क्षमता नहुनाले **Quota** पूरा हुन नसक्नु।
२. कक्षा (९-१२) मा कठिन पाठ्यक्रम भएकोले मध्यम तथा सामान्य सिकाइ क्षमता भएका बालबालिकाहरु भर्ना हुन नहुनु।
३. दक्ष प्रशिक्षकहरुको अभावमा अपेक्षित सिकाइ उपलिब्ध हासिल गर्न कठिन हुनु।
४. सरकारले निर्धारण गरेको तलब भत्तामा प्रशिक्षक उपलब्ध नहुनु।
५. प्राविधिक शिक्षा बढी प्रयोगात्मक, क्रियाकलापमुखी हुनुपर्नेमा सैद्धान्तिक हुनु।
६. दीर्घकालिन सञ्चालन तथा व्यवस्थापनका लागि आर्थिक सुनिश्चितता नहुनु।
७. साधारण शिक्षाभन्दा प्राविधिक शिक्षा मँहगो भएकाले सबैको पँहुच नपुग्नु।
८. विद्यार्थीको रुचि र आवश्यकता अनुरुपका विषयहरु उपलब्ध नहुनु।
९. प्राविधिक धारको विद्यालयमा रहेका ल्याव तथा फर्मको प्रभावकारी प्रयोग नहुनु।

**३.४.३ उद्देश्य**

१. प्राविधिक तथा व्यवसायिक सीप विकासमा पहुँच अभिवृद्धि गर्नु,
२. प्राविधिक तथा व्यवसायिक सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु,
३. प्राविधिक तथा व्यवसायिक सीप विकासका अवसरलाई सान्दर्भिक र गुणस्तरीय बनाउनु,
४. प्राविधिक तथा व्यवसायिक शिक्षाप्रति अभिभावकमा सचेतना जगाइ न्यूनतम लगानीको वातावरण तयार गर्नु,
५. पढ्दै कमाउदै कार्यक्रमबाट विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्नु,
६. एक पालिका, एक प्राविधिक विद्यालय कार्यक्रम सञ्चालन गर्नु,
७. सबै माध्यमिक विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम लागु गर्नु।
८. विद्यार्थीले रैथाने ज्ञान र सीप हासिल गर्नु,
९. "एक विद्यालय, एक करेसाबारी " अभियान सञ्चालन गर्नु,
१०. "एक विद्यालय, एक फूलवारी" अभियान सञ्चालन गर्नु,

**३.४.४ रणनीति तथा कार्यनीति**

१. स्थानीय तहमा प्राविधिक र व्यवसायिक शिक्षाको अवसर सिर्जना गर्ने।
२. विद्यालयमा आय आर्जन कार्यक्रमका लागि विद्यालयलाई (विउपूंजी) अनुदान उपलब्ध गराउने।
३. स्वरोजगार एवम् आयआर्जन केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुन संस्थागत क्षमता अभिवृद्धि गर्ने।
४. शिक्षा, कृषि, पशु विकास शाखाको समन्वयमा एउटा प्राविधिक सहजीकरण समिति गठन तथा परिचालन गर्ने।
५. सिटिइभिटीबाट सञ्चालित स:शुल्क एनेक्स कार्यक्रमको विकल्पमा नि:शुल्क प्राविधिक धार अन्तर्गतको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।
६. एक पालिका एक प्राविधिक विद्यालयको कार्यक्रम कार्यान्वयन गर्ने।
७. वडास्तरमा लिडर र फिडर विद्यालयको रुपमा कलष्टर बनाई पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने।
८. पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने।
९. प्रत्येक वडाका विद्यालयहरुमा वुक फ्रि डे कार्यक्रम सञ्चालन गर्ने।
१०. प्रत्येक वडामा एक विद्यालय एक करेसाबारी अभियान सञ्चालन गर्ने।
११. प्रत्येक वडामा एक विद्यालय एक फूलवारी अभियान सञ्चालन गर्ने।

**३.४.५. उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य**

**क उपलब्धि**

प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम मार्फत सीपयुक्त जनशक्तिको उत्पादन भई उत्पादन, उत्पादकत्व, रोजगारी तथा स्वरोजगारी मार्फत जीवनस्तरमा सुधार हुने।

१. विद्यार्थीहरुमा रोजगारी, उद्यमशीलता एवम् स्वरोजगार र जीविकोपार्जनका अवसरमा वृद्धि ।
२. विद्यार्थीहरुमा गरीखाने शिक्षासहित जीवनपयोगीसीप एवम् व्यवहार कुशलसीप हासिल।
३. विद्यार्थी एवम घर परिवारका सदस्यको जीवनस्तरमा सुधार।
४. स्थानीय तहमा भएका रैथाने एवम् परम्परागत सीपको पहिचान र प्रमाणीकरण।

**ख नतिजा**

१. थप बहुप्राविधिक शिक्षालय, प्राविधिक धारका माध्यमिक विद्यालय सञ्चालन।
२. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका गुणस्तरमा वृद्धि।
३. प्राविधिक तथा व्यवसायिक सीपलाई उत्पादन र आर्थिक उपार्जनसँग जोड्ने।
४. परम्परागत सीपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन।
५. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना।
६. खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि।

७. उत्पादनशील, रोजगारी, स्व–रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि ।
८. आफ्नै घर आँगनमा प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको अवसर ।
९. पढ्दै कमाउदै कार्यक्रमबाट विद्यार्थीको सिकाइ आवश्यकता पूरा ।
१०. पढ्दै कमाउदै कार्यक्रमबाट आम्दानी र खर्चको आधारमा बचत गर्ने बानीको विकास ।
११. घरपरिवारमा भएको उपजको लागि आफ्नै विद्यालय बजार हुनेहुँदा दैनिक घरायसी समस्या समाधान ।
१२. प्रत्येक माध्यमिक विद्यालयमा करेसावारी तयार ।
१३. पढ्दै कमाउदै कार्यक्रमको लागि पालिकास्तरमा एक प्राविधिक सहजीकरण समिति गठन ।

लिखु शिक्षा योजना २०८२

**प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | २ | | | | २ | २ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| २ | विद्यालयमा प्राविधिक शिक्षा  कार्यक्रम सञ्चालन | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| ३ | छोटो अवधिका सीपमूलक तालिम सञ्चालन | ओटा | १ | २ | ५ | ६ | ७ | ९ | ९ | |
| ४ | प्राविधिक र व्यवसायिक शिक्षा सम्बन्धी पालिकास्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | ८० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवालाई उद्यमशीलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | १० | २५ | ५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदायक संस्थाको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ८ | बहुप्राविधिक विद्यालय स्थापना | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| ९ | सीप विकास तालिम | पटक | | २ | २ | २ | २ | ८ | १६ | |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

#### ३.५.१. परिचय

मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रकृयाको प्रशोधन गर्ने औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिरको जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाइ सेवा प्रदान गर्दछ। अनौपचारिक एवम् आजीवन शिक्षाले निरक्षरका लागि साक्षरता, साक्षरता लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाज निर्माणका लागि कार्य गर्दछ।

#### ३.६.२. वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वाचनालय, पुस्तकालय, Digital literacy, वैकल्पिक शिक्षा, खुल्ला सिकाइको व्यवस्थापन गर्ने क्षेत्राधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ। औपचारिक सिकाइको पहुँचबाहिर रहेका व्यक्तिलाई जीवनपर्यन्त सिकाइको लागि सामुदायिक सिकाइ केन्द्र स्थापना गरी साक्षरता तथा निरन्तर सिकाइको अवसर प्रदान गर्नु पर्दछ। यस लिखु गाउँपालिकामा ३ ओटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् जसमध्ये हाल ३ वटै सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा छन्।

सामुदायिक सिकाइ केन्द्रले साक्षरता तथा निरन्तर सिकाइका अवसरहरू प्रदान गर्न प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरेको छ। समूह गठन गरी जीविकोपार्जनका लागि आर्थिक लगानी गरी चक्रीय प्रणालीमा व्यवसाय सञ्चालन गरिएको छ। लिखु गाउँपालिकालाई मिति २०८२ असार १० गते साक्षर गाउँपालिका घोषणा गरिएको छ। सामुदायिक सिकाइ केन्द्रमा कर्मचारीको व्यवस्था गरी सचेतना, जागरण, साक्षरता, सीपमूलक कार्यक्रम मार्फत ज्ञानमा आधारित समाज तथा अर्थतन्त्र निर्माण गर्न सकिन्छ।

लिखु गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका सन्दर्भमा देहायका अन्तर देखिन्छन:

१. पूर्ण साक्षरता गाउँपालिका घोषणा नभएको तथा पूर्ण साक्षरता दर कायम राख्न निरन्तर शिक्षाका लागि कार्यक्रम नभएको।
२. वाचनालय, पुस्तकालय, वैकल्पिक शिक्षा तथा खुल्ला सिकाइको व्यवस्था नभएको।
३. Digital Literaccy का सन्दर्भ कार्यक्रम नरहेको।
४. प्रत्येक वडामा अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका लागि सामुदायिक अध्ययन केन्द्र नभएको।
५. अनौपचारिक शिक्षाले जीविकोपार्जनसँग सम्बन्धित ज्ञान तथा सीप दिन नसकेको।

#### ३.५.३ उद्देश्य

१. सबैका लागि साक्षरता कक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु,
२. पालिकाभित्र रहेका रैथाने ज्ञान, सीप र सिकाइ अनुभवको पहिचान र परिचालन गर्नु ।
३. तह पुरा नगरेका र बिचमा कक्षा छाडेका बालबालिका पहिचान गरी विद्यालयमा पुन:भर्ना गराउनु ।
४. एक पालिका एक नमूना सिकाइ केन्द्र स्थापना गर्नु ।
५. दिदीबहिनी र आमालाई स्वरोजगार केन्द्रित ज्ञान र सीप प्रदान गर्नु।
६. नवसाक्षरलाई जीविकोपार्जनका गतिविधिहरूमा सरिक गराउनु।
७. बालबालिकाको सिकाइका लागि अभिभावकहरूको सचेतनामा सुधार ल्याउनु।
८. सामुदायिक सिकाइ केन्द्रलाई वडास्तरमा सूचना केन्द्रको रुपमा विकास गर्नु।
९. निरक्षरको पहिचान गरी साक्षरता कक्षा सञ्चालन गर्नु।

#### ३.५.४ रणनीति तथा कार्यनीति

१. "एक वडा, एक सामुदायिक सिकाइ केन्द्र" अभियान सञ्चालन गर्ने।
२. "एक पालिका, एक नमुना सामुदायिक सिकाइ केन्द्र" स्थापना गर्ने।
३. सामुदायिक सिकाइ केन्द्रको सवलीकरणका लागि गैर सरकारी संस्थासँग समन्वय र सहकार्य गर्ने।
४. सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक सूचना केन्द्रको रुपमा विकास गर्ने।
५. कक्षा छाड्ने बालबालिकाको पहिचान गरी विद्यालय भर्नाका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
६. पालिकाभित्र रहेका निरक्षर पहिचान गरी उनीहरुलाई साधरण साक्षरता कक्षा र डिजिटल साक्षरता कक्षा सञ्चालन गर्ने।

७. नवसाक्षरहरुका लागि निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
८. सामुदायिक सिकाइ केन्द्रलाई आयमूलक एवम् आजीवन सिकाइ केन्द्रको रुपमा विकास गर्ने ।
९. समुदायभित्रका जेष्ठ नागरिकको श्रम र सीपको पहिचान र सम्मान गर्ने ।

**३.५.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क उपलब्धि**

सबैका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित हुने ।

**ख नतिजा**

१. लिखु गाउँपालिकाका सबै वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना ।
२. बिचमा कक्षा छाडेका बालबालिकाहरु पुन: विद्यालय भर्ना ।
३. निरक्षर रहेका व्यक्तिले साक्षरता कक्षाको माध्यमबाट साक्षर ।
४. पालिकामा एक नमूना सामुदायिक सिकाइ केन्द्र स्थापना ।
५. नव साक्षरहरुमा डिजिटल साक्षरता सम्बन्धी ज्ञान र सीप उपलब्ध ।
६. सामुदायिक सिकाइ केन्द्र सबलीकरण ।
७. नवसाक्षरहरुमा आयआर्जन सम्बन्धी ज्ञान सीप प्राप्त ।
८. सामुदायिक सिकाइ केन्द्र सामुदायिक सूचना केन्द्रको रुपमा स्थापित ।

लिखु शिक्षा योजना २०८२

अनौपचारिक शिक्षा र आजीवन सिकाइका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण | पटक | १ | | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कहरूको डाटावेस तयार | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्तकालयको व्यवस्थापन | सङ्ख्या | | | १ | | | १ | १ | सङ्घ |
| ४ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिमैत्री उपकरणको व्यवस्था | पटक | | १ | | | | १ | १ | |
| ५ | बालकक्षा देखि कक्षा ३ सम्म अपाङ्गताको प्रारम्भिक पहिचान | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास | तह | १ | | | | | १ | १ | |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालयहरुको स्थापना, र सञ्चालनका लागि अनुदान | ओटा | | १ | १ | | | २ | ४ | सङ्घ |
| ९ | जेष्ठ नागरिक, श्रमिक, गृहिणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन | स्थानीय तह | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १० | साक्षरता प्रबर्धनका लागि सीपमूलक तालिम सञ्चालन | पटक | ० | २ | २ | २ | २ | ८ | १६ | |

## परिच्छेद ४ - अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय

पाठ्यक्रम शैक्षिक प्रणालीको मेरुदण्डको रुपमा रहेको हुन्छ। विद्यालय शिक्षाको पाठ्यक्रम तर्जुमा गर्ने कार्य सङ्घीय सरकारको तथा राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्ने/गराउने दायित्व स्थानीय सरकारको रहेको छ भने स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने जिम्मेवारी पनि स्थानीय तहमै रहेको छ। कुन कक्षा र कुन तहमा के के सिकाउने, केकस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने र विद्यार्थीले सिकेको वा नसिकेको कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्दछ। मानवीय आवश्यकता, बालबालिकाका रूचि, चाहना, सामाजिक मूल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकसित ज्ञान, सीप र प्रविधिअनुकूल पाठ्यक्रमलाई एक गतिशील र लचिलो प्रक्रियाका रूपमा लिन सकिन्छ।

#### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शैक्षिक सत्र २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन शुरू भई शैक्षिक सत्र २०८० सम्ममा पाठ्यक्रम कार्यान्वयन योजना पूर्णरुपमा सबै कक्षामा कार्यान्वयन भएको छ। पाठ्यक्रमलाई समय सान्दर्भिक बनाउन कक्षा (१-३) मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी व्यवहारकुशल र जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गरिएको छ।

विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु र सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा (Credit Hour) मा निर्धारण गरिएको छ। विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा आधारित छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार आधारभूत तह (कक्षा १-८) लाई तह १, २ र ३ तथा माध्यमिक तह (कक्षा ९-१२) लाई तह ४ र ५ गरी ५ ओटा सिकाइ क्षमतास्तरमा विभाजन गरिएको छ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको निमित्त प्रमुख समस्याको रूपमा रहिआएको छ। निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नति गर्ने नीति (Liberal Promotion Policy) लाई विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्न नहुने बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन। त्रैमासिक, अर्धबार्षिक र बार्षिक लिखित परीक्षा जस्ता औपचारिक मूल्याङ्कनमा क्रमश: सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन मूल्याङ्कन पद्धतिअनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको शुरूवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन। तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्य तथा परीक्षालगायत मूल्याङ्कनका साधन र विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेको छ। कक्षा ८, १० र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने आवश्यक छ। विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ, व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन। जसले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सीमित छ।

कक्षा (१-३) मा एकीकृत पाठ्यक्रम, आधारभूत तह (कक्षा ४-८) र माध्यमिक तह (कक्षा ९-१२) समेत सक्षमतामा आधारित पाठ्यक्रम र विषयगत पाठ्यक्रमको व्यवस्था रहेको छ। आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रम वा मातृभाषामा शिक्षा दिन सकिने व्यवस्था छ भने विभिन्न डिजिटल साम्रगीहरु, Learning Portal CEHRD, CDC को Website मा उपलब्ध छन्।

परियोजना कार्य जस्ता बालकेन्द्रित क्रियाकलाप तथा गरेर सिक्ने क्रियाकलापमा पाठ्यक्रमले जोड दिएको छ। निर्माणात्मक तथा निर्णयात्मक दुबै मूल्याङ्न पद्धतिको माध्यमबाट विद्यार्थी मूल्याङ्कन गरिने व्यवस्था रहेको छ। कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्यांकन र कक्षा १ देखि १२ सम्म लेटर ग्रेडिङ प्रणाली कार्यान्वयनमा रहेको छ। कक्षा ८ को स्थानीय तह स्तरीय र कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय स्तरमा सञ्चालन भइरहेको छ।

यस गाउँपालिकाभित्र विद्यालय शिक्षामा पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा निम्नानुसारको अवस्था विद्यमान देखिन्छः

१. पाठ्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुरुप प्रबोधिकरण नभएको।
२. निरन्तर विद्यार्थी मूल्यांकन कार्यान्वयनको लागि आवश्यक सामाग्रीहरु वितरण नभएको।
३. स्थानीय पाठ्यपुस्तक निर्माण नभएको।
४. मातृभाषामा पाठ्यक्रम निर्माण नभएको।
५. इन्टरनेटको सहज पहुँच नहुदा डिजिटल साम्रगी प्रयोगमा समस्या भएको।

६. विद्यार्थी केन्द्रित गतिविधिमा कमी भएको ।
७. बहुपाठ्यपुस्तक नीतिगत रुपमा मात्र सिमित भएको ।
८. पाठ्यक्रमहरुको बिचमा तहगत तथा विषयगत तादात्मयता कमजोर रहेको ।

मौजुदा कानून, नीतिगत तथा कार्यक्रमगत व्यवस्था तथा वर्तमान अवस्थाको विश्लेषण गर्दा देहायका अन्तर **(Gap)** पहिचान गरिएको छः

१. समयसापेक्ष पाठ्यक्रम विकास गरिएको भएपनि आवश्यकतानुसार प्रबोधिकरण हुन नसक्दा कार्यान्वयनमा समस्या भएको ।
२. पाठ्यक्रममा उल्लेख गरिएअनुसार निरन्तर विद्यार्थी मूल्यांकनका साधन उपलब्ध भए पनि कार्यान्वयन हुन नसकेको ।
३. एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्न सक्षम जनशक्ति व्यवस्थापनसहित आवश्यक प्रबोधिकरण हुन नसकेको ।
४. इन्टरनेटको भरपर्दो सेवाको अभावमा पर्याप्त मात्रमा डिजिटल साम्रगी प्रयोग गर्न नसकेको ।
५. परीक्षा बाहेकका मूल्यांकनका साधनहरुको प्रयोग र अभिलेखिकरण नभएको ।
६. पाठ्यघण्टाको व्यवस्था गरिएपनि पूर्णाङ्कको प्रयोग यथावत रहेको ।
७. तोकिएको पाठ्यघण्टा अनुसार पठनपाठन सञ्चालन गर्न नसकेको ।
८. परियोजना कार्य, **ICT** को प्रयोग, अनुसन्धानात्मक कार्य व्यवहारिक रुपमा कार्यान्वयन हुन नसकेको ।
९. लिखित परीक्षाको तुलनामा प्रयोगात्मक परीक्षालाई कम महत्व दिइएको ।

### ४.१.३ उद्देश्य

पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयन गरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रुपमा विकास गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छः

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
४. स्थानीय र आधुनिक विश्वपरिवेशअनुरुप सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
५. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.१.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने । | १.१ सबै शिक्षकहरुको लागि पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२ सरोकारवालाहरुसँग व्यापक सहभागितामा स्थानीय पाठ्यक्रम परिमार्जन गरिनेछ ।<br>१.३ सबै विद्यालयमा अनिवार्य रुपमा बालकेन्द्रित क्रियाकलाप सञ्चालन गरिनेछ ।<br>१.४ सबै विद्यालयमा सबै तहको पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध गराइनेछ ।<br>१.५ प्रारम्भिक कक्षाहरूमा बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ । |
| २. मूल्याङ्कनलाई सिकाइको अभिन्न अंग बनाउने । | २.१ निरन्तर विद्यार्थी मूल्याङ्कन, लेटर ग्रेडिङ प्रणाली र मूल्याङ्कनका साधन सम्बन्धी कार्यशाला, गोष्ठी संचालन गरिनेछ ।<br>२.२ परीक्षा तथा मूल्याङ्कनका साधनलाई स्तरीय र व्यवस्थित बनाइनेछ ।<br>२.३ आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरणको कार्यलाई अनिवार्य गरिनुका साथै अभिभावकलाई विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने कार्यलाई व्यवस्थित बनाइनेछ । |

**४.१.५. उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ,**

**क. उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

**ख. नतिजा**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध,
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा विश्वपरिवेशअनुरुप सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण,
४. सिकारुका सिकाइ समस्याको समाधानका लागि निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन,
५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन ।

लिखु शिक्षा योजना २०८२

**पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय, शि.वि.स.इ. |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | स्थानीय, शिक्षा तालिम केन्द्र |
| ३ | शिक्षक पेसागत सहयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय, मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ८ | नि:शुल्क पाठ्यपुस्तक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय, विद्यालय |
| १० | माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १२ | पढाइमैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग | कक्षा १ देखि ३ सम्म | ५४ | ५४ | ५४ | ५४ | ५४ | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

लिखु शिक्षा योजना २०८२

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक व्यवस्थापन शैक्षिक प्रणालीको मुख्य कार्यभित्र पर्दछ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रुपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। कुनै पनि शिक्षा प्रणालीको अवस्था कस्तो छ भनेर त्यहाँ कार्यरत शिक्षकको अवस्था हेरेर अनुमान गर्न सकिन्छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रूपमा शिक्षक व्यवस्थापन गर्ने नीतिगत तथा कानूनी व्यवस्था विद्यमान छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएको छ। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणिकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

शिक्षकको पेशागत विकासका लागि विभिन्न तौरतरिकाहरू अपनाइएका छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टेरिङ आदिबाट शिक्षकको पेसागत विकास सम्भव छ। शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेशागत विकासका विभिन्न मोडालिटिका तालिम कार्यक्रमको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउन, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउन, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउन, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउन महत्वपूर्ण कार्य हुँदै आएको छ।

### ४.२.२ वर्तमान अवस्था

प्रत्येक बालविकास केन्द्रमा एक जना सहयोगी कार्यकर्ताको दरबन्दी तोकिएको, आधारभूत तह कक्षा १-५ संचालित विद्यालयमा कम्तिमा ३ जना शिक्षक, कक्षा ६ देखि ८ संचालित विद्यालयमा कम्तिमा ४ जना शिक्षक, कक्षा ६ देखि १० कक्षा सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा ९ जना शिक्षक, कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयमा कम्तिमा ८ जना शिक्षक रहने व्यवस्था रहेको छ। यसै गरी शिक्षक विद्यार्थी अनुपात हिमालः १:४०, पहाडः १:४५ र तराईः १:५० तोकिएको छ। लिखु गाउँपालिकामामा शिक्षक व्यवस्थापनका सन्दर्भमा निम्न अवस्था विद्यमान देखिन्छः

१. शिक्षकहरुका लागि प्रोत्साहन कार्यक्रम न्यून भएको।
२. शिक्षकहरु तालिम प्राप्त रहेको।
३. प्रारम्भिक बालविकास तथा शिक्षामा **SLC/SEE** उत्तीर्ण शिक्षक नियुक्ति भएको।
४. कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयमा ३ जना शिक्षक मात्र हुँदा कक्षागत शिक्षक व्यवस्था हुन नसकेको।
५. विद्यार्थी संख्या कम भई निरन्तर शैक्षिक क्रियाकलाप नहुँदा गुणस्तर खस्किएको।
६. कक्षा ११ र १२ सञ्चालन भएका सबै विद्यालयलाई शिक्षक दरबन्दी प्राप्त नभएकोले आधारभूत तथा माध्यमिक तहका शिक्षकले माथिल्लो कक्षा सञ्चालन गर्नुपरेको।
७. कक्षा ६ देखि १२ सम्मका शिक्षक पूननरावलोकन नभएको तथा विषयगत शिक्षक अभाव रहेको।

शिक्षकको प्राप्ति, वितरण, प्रयोग एवम् अभिप्रेरणाको अवस्थाले शैक्षिक गुणस्तरलाई प्रत्यक्ष असर पुर्‍याउँछ। शिक्षक दरबन्दी मिलान, थप शिक्षकको व्यवस्था, सुदृढ पेशागत सहयोग प्रणाली, वृत्ति विकासका अवसर जस्ता पक्षहरुको समूचित संबोधन शिक्षक व्यवस्थापन तथा विकास अन्तर्गततका कार्यहरु हुन्। लिखु गाउँपालिका अन्तर्गतको शिक्षक व्यवस्थापन तथा विकास सम्बन्धी वर्तमान अवस्था र व्यवस्थाको विश्लेषण गर्दा निम्नानुसारका समस्या, चुनौती तथा अन्तर (**Gap**) देखिन्छन्

१. दरबन्दी मिलान कार्यलाई पूर्णता नदिनु,
२. आवश्यकतामा आधारित शिक्षक तालिम तथा तालिममा सिकेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोग नहुनु,
३. शिक्षण पेशालाई रोजाइको पेशाको रूपमा विकास नगर्नु,
४. आधारभूत तहमा नमुना शिक्षक निर्माण नगर्नु,

५. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन नगर्नु,
६. कक्षामा तालिम प्राप्त तथा बालमनोविज्ञान एवम प्रविधिमैत्री सहयोगी कार्यकर्ताको अभाव हुनु,
७. विद्यार्थी संख्या बढी भएको विद्यालयमा शिक्षक अभाव हुनु,
८. विषयगत शिक्षकको अभावमा सिकाइ उपलब्धिमा कमी हुनु,
९. विद्यालय सञ्चालन अनुमती दिएको तर सो अनुसार विद्यालय स्वीकृति नहुँदा शिक्षक दरबन्दी सिर्जना हुन नसक्नु ।

**४.२.३ उद्देश्य**

१. जहाँ विद्यार्थी त्यहाँ शिक्षकलाई संस्थागत पद्धतिमा विकास गर्नु,
२. कक्षागत र विषयगतरुपमा शिक्षक व्यवस्थापन गर्नु,
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि अवसरको सुनिश्चित गर्नु,
४. विषय विज्ञ शिक्षकको रोष्टर समूहद्धारा कक्षा अवलोकन र नमूना पाठ प्रदर्शनको अवसर प्रदान गर्नु,
५. शिक्षकको पेशागत विकास र क्षमता अभिवृद्धिका लागि शिक्षक सहायता पद्धति स्थापित गर्नु,
६. असल अभ्यास र सिकाइ अनुभवको अवसर प्रदान गर्नु,
७. करार शिक्षक तथा कर्मचारी छनोट कार्यलाई विश्वसनीय र सुदृढ बनाउनु,
८. स्थायी नियुक्ति प्राप्त शिक्षकलाई तोकिएको मापदण्डअनुसार शिक्षक पदस्थापन गर्नु,
९. " एक विद्यालय, एक बालशिक्षक " कायम गर्नु,
१०. समसामयिक र नवीन शिक्षण विधि र प्रविधिसँग परिचित गराउनु ।

**४.२.४ रणनीति तथा कार्यनीति**

उद्देश्यहरु पुरा गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति सञ्चालन गरिनेछ ।

१. शिक्षकको वितरण Serving Class & Serving Student को आधारमा गर्ने ।
२. विषय विज्ञ शिक्षकहरुको रोष्टर समूह गठन र कक्षा अवलोकन र नमूना पाठ प्रदर्शन लागि परिचालन गर्ने ।
३. जहाँ विद्यार्थी त्यहाँ शिक्षकका लागि संस्थागत पद्धति विकास गर्ने ।
४. तहगत र विषयगतरुपमा योग्यता प्रणालीमा सूचीकृत गरि गर्ने ।
५. अस्थायी योग्यता सूचीमा सूचीकृत रहेका तहगत तथा विषयगत शिक्षकलाई करार नियुक्तिको लागि उच्च प्राथमिकता दिने ।
६. प्रसुती वा सुत्केरी बिदामा रहेको अवधिमा शिक्षण सिकाइ निरन्तरताको लागि शिक्षण सहजकर्ताको व्यवस्थापन गर्ने ।
७. न्यूनतम संख्या र विषयगत शिक्षक नभएको विद्यालयकालागि पालिकास्तरबाट स्वयंसेवक शिक्षकको व्यवस्थापन गर्ने ।
८. नव प्रवेशी एवम् कार्यरत शिक्षकको पेशागत दक्षता र क्षमता विकासका लागि नवीनतम विधि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने ।
९. शिक्षकको उपस्थिति र शिक्षकले कक्षा कोठामा बिताउने समय र कार्यसम्पादनमा सुधार योजना अनिवार्य रुपमा लागु गर्ने ।
१०. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
११. प्रधानाध्यापक र शिक्षकका लागि कार्यसम्पादन करार सम्झौताको नीति अवलम्वन गर्ने ।
१२. अवकाश प्राप्त स्थानीय जनशक्ति एवम् पूर्व विद्यार्थीहरु र रैथाने ज्ञान सीप र अनुभव प्राप्त स्थानीय व्यक्तिहरुलाई आमन्त्रित स्रोतव्यक्तिको रुपमा परिचालन गर्ने ।
१३. तहगत र विषयगत शिक्षकका लागि सिकाइ उपलब्धि प्रक्षेपण र कार्यान्वयनको लागि नीति अवलम्वन गर्ने ।
१४. दीर्घसेवा पश्चात अनिवार्य अवकाश प्राप्त शिक्षक एवम् कर्मचारीहरुलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने ।

**४.२.५ उपलब्ध , नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क उपलब्धि**

दक्ष, योग्य, समर्पित र अभिप्रेरित शिक्षकको व्यवस्था भई शिक्षण सिकाइमा सुधार हुने ।

लिखु शिक्षा योजना २०८२

**ख नतिजा**

१. सबै विद्यालयमा न्यूनतम संख्यामा शिक्षकको पदपूर्ति ।
२. शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरू प्राप्त ।
३. तहगत विषय शिक्षक एवम् विज्ञहरु सहितको रोष्टर समूह गठन ।
४. शिक्षकको कक्षा अवलोकन र नमूना पाठ प्रदर्शनका लागि परिचालन ।
५. प्रसुती अवधिमा सिकाइ निरन्तरताको लागि शिक्षण सहजकर्ताको व्यवस्था ।

लिखु शिक्षा योजना २०८२

**शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | जना | १० | १० | १० | १० | १० | ५० | १०० | स्थानीय |
| ३ | परीक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ४ | सिकाइका लागि शिक्षकको इ सञ्जाल | ओटा | १ | | | | | | १ | |
| ५ | शिक्षकलाई परामर्श, अध्ययन, अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय |
| ६ | शिक्षक मेन्टेरिङका लागि कार्यक्रम सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ, स्थानीय |
| ७ | विद्यालय तथा पालिकास्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह सञ्चालन | पटक | १० | १० | १० | १० | १० | ५० | ८० | स्थानीय तह तथा अन्य निकाय |
| ८ | शिक्षक पेसागत सहयोग तालिम सञ्चालन | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | सङ्घ, प्रदेश र स्थानीय तह |
| ९ | शिक्षिक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |
| १० | पालिकाले प्रधानमध्यापक र प्रधानाध्यापकले शिक्षकसँग करार सम्झौता मार्फत् सिकाइ उपलब्धिमा सुधार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| १० | कक्षा १ देखि ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | १ | १ | | | | २ | ४ | |
| ११ | कक्षा १ देखि ३ सम्मका शिक्षकलाई साक्षरता तथा गणितीय सीप सम्बन्धी एकीकृत तालिमको व्यवस्था | जना | ३० | ४० | | | | ७० | ७० | |
| १२ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | ओटा | | १ | | १ | | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | एकीकृत पाठ्यक्रममा पठनतत्त्व तथा एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालिमको व्यवस्था | पटक | | | | | १ | १ | | |
| १६ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | | १ | | | | १ | | |
| १७ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास | सबै विद्यालय | १ | | १ | | १ | ३ | ५ | |
| १९ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

लिखु शिक्षा योजना २०८२

### ४.३ शैक्षिक समता तथा समावेशीकरण

#### ४.३.१ परिचय

नेपालको संविधानले समानुपातिक समावेशिताको सुनिश्चितता गरेको छ। शिक्षालाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा नि:शुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकीकृत समता रणनीति, २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोगसहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाए तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नुपर्ने देखिन्छ।

#### ४.३.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने प्रणाली प्रभावकारी रुपमा व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाका लागि विशेष शिक्षाको सुनिश्चित गर्नु, विद्यालयका पूर्वाधारलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन्।

बालमैत्री विद्यालय, विविधताको संवोधन, मातृभाषामा शिक्षण तथा माध्यम भाषाको रुपमा मातृभाषा, विभिन्न प्रोत्साहनमूलक कार्यक्रम, छात्रा शौचालय जस्ता नीतिगत तथा कार्यक्रमगत प्रबन्ध, शिक्षामा समता तथा समावेशीकरणका लागि गरिएका सकारात्मक पहलहरु हुन्। नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा नि:शुल्क तथा अपाङ्गता बालबालिकालाई उच्च शिक्षासम्म निःशुल्क दिइने व्यवस्था, छात्रा, दलित एवम् सीमान्तकृत बालबालिकाका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता सहितको व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्‍याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षकलगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागु आदि यस क्षेत्रका अवसरहरू हुन्। यस गाउँपालिकामा निम्न अवस्था विद्यमान देखिन्छः

१. विद्यालयमा राष्ट्रिय मापदण्ड अनुसार शिक्षक र शिक्षिकाको नियुक्ति भएको तर निजीमा नियुक्ति गर्दा त्यसलाई ध्यान नदिइएको।
२. विद्यालयमा लैङ्गिक समातामूलक वातावरण रहेको।
३. दलित, छात्रा र अपाङ्गको लागि छात्रवृत्तिको व्यवस्था भएको।
४. केही विद्यालयमा छात्रामैत्री शौचालय भएको।
५. विद्यालयको हरेक क्रियाकलापमा बालबालिकालाई सहभागिता गराइएको।
६. गाउँपालिकामा छात्र र छात्राको अनुपातको दर नजिक रहेको।
७. वि.व्य.स तथा शि.अ.सं समावेशी भएको।

**समस्या**

१. नियुक्तिमा समावेशीकरण नअपनाइनु।
२. बाल विवाह गरी विद्यालय छाड्ने अवस्था समस्याको रुपमा रहेको।
३. भौतिक व्यवस्थापनमा बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री संरचना निर्माणमा आर्थिक अभाव तथा सो अनुसार नक्साङ्कन हुन नसक्नु।
४. वि.व्य. स. र शि.अ.सं. ले आफ्नो भूमिका पूर्ण रुपमा निर्वाह गर्न नसक्नु।
५. जिम्मेवार निकायबाट समता र समावेशीकरण सम्बन्धमा सहजीकरण नहुनु।
६. शैक्षिक क्षेत्रमा भन्दा भौतिक पक्षमा बढी जोड दिनु।
७. तालिम, गोष्ठी, जनचेतनामूलक कार्यक्रमहरु लक्षित वर्गमा पुग्न नसक्नु।

८. जानकार व्यक्तिलाई जिम्मेवारी दिएर काम गर्ने वातावरण नबनाइनु।
९. वि.व्य.स र शि.अ.सं.को बैठकमा समता र समावेशीकरण विषय एजेण्डाको रुपमा नआउनु।
१०. पुरातन मान्यताहरु रहिरहनु र परिवर्तनशील हुन नसक्नु।

**४.३.३ उद्देश्य**

शैक्षिक समता र समावेशीकरण विषय क्षेत्रअन्तर्गत देहायका उद्देश्य रहेका छन्।

१. जोखिममा रहेका, विपन्न वर्ग ,अपाङ्गता भएका, द्वन्द्वबाट प्रभावित, जनजाति, दलित, महिला र आर्थिक रूपमा कमजोर वर्गलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु,
२. समता र समावेशीकरणका सिद्धान्तअनुसार गुणस्तरीय सेवा प्रवाह गर्नु,
३. लक्षित समूहका बालबालिकाको सिकाइ उपलब्धिमा वृद्धि गर्नु,
४. विद्यालयमा कुनै प्रकारको विभेद र दुर्व्यवहारमुक्त वातावरण निर्माण गर्नु।

**४.३.४ रणनीति तथा कार्यनीति**

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्वन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै समुदायका बालबालिकालाई शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्ने। | १.१ बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुरूप पहुँच र सहभागिताको प्रबन्ध गरिनेछ।<br>१.२ समुदायमा पछाडि परेका बालबालिकालाई विद्यालय ल्याउन अभिभावकहरुसँग सहकार्य गरिनेछ। |
| २. बालमैत्री सिकाइ वातावरण सिर्जना गरी सबैले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न। | २.१ समावेशी कक्षा कोठा व्यवस्थापन गरिनेछ।<br>२.२ सिकाइ विविधतालाई मध्येनजर गर्दै समावेशी सिकाइ विधिको प्रयोग गरिनेछ।<br>२.३ दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा प्रदान गरिनेछ।<br>२.४ आधारभूत तहमा बहुभाषिक माध्यमबाट सिकाइको अवसर प्रदान गर्नुका साथै स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान र सीप समावेश गरी स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ। |
| ३. विद्यालयका भौतिक संरचनाहरु समावेशी बनाउने। | ३.१ छात्रामैत्री शौचालय निर्माण गरिनेछ।<br>३.२ बालकालिकाको उचाइ वा उमेर अनुसार हात धुने धारा, शौचालयलगायतको विकास गरिनेछ।<br>३.३ खेल सामग्रीहरु व्यवस्थापन गर्दा छात्र र छात्रा दुबैको आवश्यकता सम्बोधन हुने गरी व्यवस्था मिलाइनेछ। |

**४.३.५ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य**

**क उपलब्धि**

सबैका लागि विद्यालय शिक्षामा समतामूलक एवम समावेशी पहुँच तथा समावेशी सहभागिताको सुनिश्चितता भई गुणस्तरीय शिक्षा प्राप्त हुने।

**ख मुख्य नतिजा**

१. लक्षित समूहका बालबालिकाको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तरमा सुधार।
२. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह।
३. जनशक्तिको दक्षता र सक्षमता सुधार।
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनाको जवाफदेही।
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीतामा अभिवृद्धि।
६. सबै विद्यालय बालमैत्री।

**शिक्षामा समता र समावेशीकरणका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | स्थानीय तहमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने । | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धतिको कार्यान्वयन गराउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | सबै बालबालिकालाई अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ५ | सबै आधारभूत विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | बालबालिकालाई अध्ययनमा निरन्तरता दिन दिवा खाजा व्यवस्था लगायतका विविध प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्दति, कक्षाकोठामा सम्मानपूर्ण व्यवहार जस्ता उपाय अवलम्बन गर्ने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुरुप विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा वि.व्य.स.का पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | सङ्घ र स्थानीय तह |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने । | पटक | | | १ | | | १ | १ | स्थानीय तह |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने । | निरन्तर | | | | | | | | स्थानीय |
| १३ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता गराउने । | पटक | १ | | | १ | | १ | १ | स्थानीय |

लिखु शिक्षा योजना २०८२

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य

### ४.४.१ परिचय

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको विकास नै शिक्षा हो । न्युनतम पोषण प्राप्त गर्न नसकेका बालवालिकाहरुको सिकाइ अन्य बालवालिकाहरुको भन्दा कमजोर रहने अनुसन्धानहरुले देखाएको छ । विद्यालय शिक्षा नै असल र सफल जीवन यापनका लागि आधारशिला समेत भएको हुँदा सर्वाङ्गीण विकासका लागि पोषण अत्यन्त जरुरी विषय हो

सरसफाइ मानव सभ्यताको पहिचान हो । हाम्रो चेतना र विकासको अवस्था कस्तो छ भन्ने कुरा सरसफाइको अवस्थाले इङ्गित गर्दछ । घरपछाडि सबैभन्दा बढी समय बिताउने स्थल विद्यालय भएको हुँदा स्वस्थ, स्वच्छ एवम् सरसफाइयुक्त हरियाली वातावरणले सिकारुलाई सिकाइ अनुकुल वातावरण प्रदान गर्ने मात्र नभई जीवन यात्रामा पनि अमिट छाप छोडेको हुन्छ । स्वच्छताले वातावरण र जीवनपद्धतिसँग सामिप्यता कायम राख्न अभिप्रेरित गरिरहेको हुन्छ ।

### ४.४.२ वर्तमान अवस्था र चुनौतीहरू

बालमैत्री सिकाइ वातावरण आजको विद्यालय शिक्षाको माग हो । अनुकुलित सिकाइ वातवरणमा सिकारुका सम्भावित क्षमताहरु प्रष्फुटन सम्भव हुन्छ । हरित विद्यालयको अवधारणाले विद्यालय शिक्षामा वातावरणमैत्री विषयलाई आत्मसात गर्दछ । यसैगरी दिवा खाजाको व्यवस्थापन मार्फत न्यूनतम पोषणको सुनिश्चिततासहित सक्रिय सिकाइ सम्भव हुन्छ । कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने जस्ता शैक्षिक क्षतिलाई न्यूनीकरण गरी आन्तरिक सक्षमता वृद्धि गर्न सकिन्छ ।

स्यानिटरी प्याड, छात्रा शौचालय, वास सुविधासहितको शौचालय, फोहोरमैलाको उचित व्यवस्थापन, विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण जस्ता विषय क्षेत्रपनि विद्यालय शिक्षासँग जोडिएर आउने विषय हुन् । यिनीहरुको उचित प्रबन्धमार्फत विद्यालयलाई स्वच्छ, सफा, हराभरासहितको वातारण निर्माण गरी सिकाइ स्थलको रुपमा रुपान्तरण गर्न सकिन्छ ।

यस पालिकाका विभिन्न विद्यालय शिक्षामा स्वास्थ्य तथा पोषणको वर्तमान अवस्था विश्लेषण गर्दा निम्नानुसारको अवस्था पहिचान गरिएको छः

१. प्रत्येक विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा वापतको रकम उपलब्ध भएको ।
२. मापदण्ड अनुरुपको स्थानीय स्वस्थकर दिवा खाजाको व्यवस्था भएको ।
३. छात्राहरुको लागि सेनेटरी प्याडको व्यवस्था भएको ।
४. केही विद्यालयमा खानेपानीको व्यवस्था नभएको ।
५. आंशिक रुपमा छात्रा छात्रका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको ।
६. १० देखि १८ वर्ष सम्म उमेर समूहका छात्राहरुका लागि आइरन चक्कीको व्यवस्था भएको ।
७. आंशिक रुपमा सफा, पर्याप्त हावा तथा प्रकाश पर्ने कक्षाकोठाको व्यवस्था भएको ।
८. जुकाको औषधि वितरण भएको ।
९. कक्षाकोठा, विद्यालय परिसर तथा शौचालय कार्यालय सहयोगी र कक्षाका विद्यार्थीहरुलाई पालैपालो कार्य तालिका बनाई सरसफाइ गर्ने व्यवस्था मिलाइएको ।

**समस्या**

१. यस पालिकाका एउटा विद्यालयमा मात्र विद्यालय नर्सको (स्वास्थ्य सम्बन्धी) व्यवस्था भएको ।
२. स्वास्थ्य चौकीहरुसँगको समन्वयमा विद्यालयहरुमा स्वास्थ्य परीक्षण हुन नसकेको ।
३. स्वच्छ खानेपानी तथा स्वच्छ लैङ्गिकमैत्री शौचालयको अभाव भएको ।

यसका मुख्य कारणहरु निम्न रहेका छन ।

क) लगानीको अभाव
ख) जनचेनताको कमी
ग) कमजोर व्यवस्थापन
घ) खानेपानी मुहानको अभाव
ङ) जनशक्तिको अभाव

**४.४.३ उद्देश्य**

१. प्रत्येक विद्यालयमा सफा, स्वच्छ, स्वस्थ्य हरियालीयुक्त वातावरण निर्माण गर्नु,
२. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई न्युनतम पोषणको सुनिश्चितता गर्नु,
३. सबै बालबालिकाहरुको स्वास्थ्य परीक्षण गर्नु ।

**४.४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सफा, स्वच्छ, स्वस्थ्य हरियालीयुक्त विद्यालय वातावरणको निर्माण गर्ने । | १.१ विद्यालय परिसरमा विद्यार्थीहरुलाई सरसफाइमा परिचालन गरिनेछ ।<br>१.२ हरित विद्यालय विकास गर्न फूलबारी र बगैँचा निर्माण गरिनेछ ।<br>१.३ स्थान अभाव भएको विद्यालयमहरुमा बोटल गार्डेन तयार गरिनेछ । |
| २. विद्यार्थीहरुलाई पोषणयुक्त खाजाको प्रबन्ध गरी विद्यालय आउने दर वृद्धि गर्ने । | २.१ स्थानीय क्षेत्रमा उत्पादन हुने खाद्यान्नबाट दिवा खाजा तयार गर्न अभिभावक तथा उत्पादकहरुसँग सहकार्य गरिनेछ ।<br>२.२ दिवा खाजा व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा छुट्टै समिति बनाई जिम्मेवार बनाइनेछ । |
| ३. एक शैक्षिकसत्रमा कम्तिमा दुईपटक सबै बालबालिकाहरुको आधारभुत स्वास्थ्य परीक्षण गर्ने । | ३.१ हरेक विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गर्दै लगिनेछ ।<br>३.२ बालबालिकाहरुको स्वास्थ्य परीक्षण, खोप, जुकाको औषधी तथा आइरन चक्की वितरण लगायतका कार्यहरु नियमित गरिनेछ । |

**४.४.५ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण**

**क उपलब्धि**

पोषणयुक्त सक्रिय सिकारु र हरियाली स्वच्छ वातावरणसहितको सिकाइ स्थल विद्यालय हुने ।

**ख नतिजाहरु**

१. सबै बालबालिकालाई पोषणयुक्त दिवा खाजा प्राप्त तथा नियमित र सक्रिय सिकाइमा सहभागिता ।
२. सबै विद्यालयमा बाल उद्यान तथा बगैचा निर्माण ।
३. सबै बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण ।

**विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक र परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थकर्मी | विद्यालय | २ | ५ | ६ | ७ | ८ | ९ | ९ | |
| ३ | **User Manual** समेतको प्राथमिक उपचार बाकस | विद्यालय | ५ | १० | १५ | १८ | २० | २२ | २२ | स्थानीय तह तथा अन्य |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | ८ | स्थानीय तह तथा अन्य |
| ५ | विद्यालयहरूमा सरसफाइसम्बन्धी आवश्यक पूर्वाधार विकास | सङ्ख्या | | १ | | १ | | २ | ४ | प्रदेश |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | १ | | | | १ | १ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | अभिभावक, आमा समूहलाई दिवा खाजा सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ९ | दिवा खाजा कार्यक्रम विस्तार | कक्षा | | ६ | ७ | ८ | | | | |

लिखु शिक्षा योजना

## ४.५ विद्यालय सुरक्षा विपद न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितका शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण शिक्षा भनिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत हिंसासँग सम्बन्धित व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वादरुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षालाई बाल अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप, जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ । जोखिमको पूर्व तयारी, क्षति कम हुने गरी तत्काल व्यवस्थापन र आपतकाल पश्चात क्षतिको आपूरण समेटिएको हुन्छ । विशेष गरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप, कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट आगामी ५ वर्षको लागि उद्देश्य, रणनीति, प्राथमिकता र मुख्य क्रियाकलाप समावेश गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएकाहरूलाई नि:शुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिकामाथि हुने विभेद, सजाय र दूराचारलाई निषेध गरेको छ ।

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ ।  त्यसैगरी बालबालिकालाई शारीरिक सजाय, शारीरिक तथा मानसिक उत्पीडन र हेपाइ र यौन दूराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएको छ  भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दूर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ ।

यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षण सिकाइ प्रक्रिया, मातृभाषामा शिक्षण सिकाइ र विद्यालय व्यवस्थापन जस्ता ९ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपदकालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण र सङ्कटापन्न समूहका बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् बीचैमा विद्यालय छाड्ने दरलाई घटाउने जस्ता प्रमुख उद्देश्यसहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्न मार्गदर्शन गरेको छ ।

त्यस्तै बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ ले विपद जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षाका न्यूनतम मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना, बृहत् विद्यालय सुरक्षा गुरूयोजना तथा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने अपेक्षा, दिगो विकास लक्ष्य ४ ले समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुरक्षित गर्न सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधान राखेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपदको पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुर्नलाभसम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुनसक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलगायतका गैरसंरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख छ ।

### ४.५.३ उद्देश्य

१. सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु,
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु,
३. प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

४. अल्पकालीन र दीर्घकालीन पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्नु ।

### ४.५.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्भावित विपतमा पनि विद्यालय शिक्षा निरन्तर हुने अवस्थाका लागि उचित तयारी गर्ने । | १.१ शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपदको पूर्वानुमान र त्यसको मात्राको मूल्याङ्कन एवम् विश्लेषण गरिनेछ ।<br>१.२ विपत् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । |
| २. बृहत विद्यालय सुरक्षाका लागि सरोकारवालाहरुसँग सहकार्य गर्ने । | २.१ प्रतिकार्य योजना तयार गरी विद्यालयको विद्यालय सुधार योजनामा समावेश गरिनेछ ।<br>२.२ शिक्षक तालिम र अभिभावक सचेतना कार्यक्रममा विपत पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनसम्बन्धी विषय समावेश गरिनेछ ।<br>२.३ गैरसरकारी सङ्घसंस्थाको सहभागिता र सहयोग परिचालन गरिनेछ ।<br>२.४ विपत् व्यवस्थापनका परम्परागत ज्ञान, सीप र अनुभवलाई प्रयोगमा ल्याइनेछ ।<br>२.५ आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, लत्ताकपडा तथा अन्य राहत सामग्री उपलब्ध गराइनेछ । |
| ३. विपत् प्रतिरोधी शिक्षा संरचना तयार गरी विपतको समयमा पनि सिकाइ निरन्तरता हुने वातावरण तयार गर्ने । | ३.१ वैकल्पिक सिकाइका माध्यम प्रयोग गरी आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।<br>३.२ विपत् व्यवस्थापनसम्बन्धी पाठ्यसामग्री प्रभावकारी बनाइनेछ । |

### ४.५.५ मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य

**क मुख्य उपलब्धि**

आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुने ।

**ख नतिजा**

१. पालिकाको भौगोलिक, प्राकृतिक, विद्यालय , सडक संरचना, खोलानाला, वन जङ्गल आदि स्पष्ट देखिने गरी विपद् जोखिमको नक्साङ्कन तयार ।
२. गाउँपालिकामा र विद्यालयमा विपतसम्बन्धित प्रतिकार्य संयन्त्र र कार्यढाँचाको विकास ।
३. सम्भावित विपद व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक , मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन ।
४. विपद तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलाप निरन्तर रूपमा सञ्चालन ।

**विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलताका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | उत्थानसिलताका लागि सचेतना कार्यक्रम | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | शिक्षक तथा वि.व्य.स. तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटापन्नको आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षकको व्यवस्था | विद्यालय | ५ | १० | १५ | १७ | २० | २२ | २२ | |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि निर्माण | पटक | १ | | | | | १ | १ | |
| ८ | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना निर्माण | पटक | १ | | | | | १ | १ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. परिचय

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैँचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्याललाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ।

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा-पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।

### ४.६.२ वर्तमान अवस्था

विगत यस क्षेत्रमा आएको विनासकारी भुकम्पपछि गरिएको विद्यालयको पुनर्निमाणले भौतिक पुर्वाधारको विकासमा राम्रो फड्को मारेको छ। यहाँका विद्यालयहरू प्राय पक्की भवन र कक्षाकोठा राम्रो अवस्थामा छन्। पुराना केही भवन तथा कक्षाकोठाको मर्मत गरी कक्षा सञ्चालन गर्नुपर्ने अवस्था पनि छ। फर्निचरको अवस्था पनि राम्रो छ, जसले विद्यार्थीको अध्ययन वातावरणलाई सहज बनाएको छ। स्वास्थ्य र सरसफाइका सुविधा सन्तोषजनक छ र शुद्ध पिउने पानीको व्यवस्था प्राय : सबै विद्यालयमा छ। सबै विद्यालयमा बिजुली र इन्टरनेटको सुविधा छ, जसले विद्यार्थीलाई डिजिटल शिक्षामा पहुँच पुऱ्याइरहेको छ। खेल मैदान र अन्य अतिरिक्त क्रियाकलापका लागि पर्याप्त स्थलको व्यवस्था छ। यस पालिकाका विद्यालयको विद्यमान अवस्था तथा समस्या निम्न रहेको छ।

१. प्राय विद्यालय भवन पर्याप्त तथा राम्रो अवस्थामा रहेको।
२. खेलमैदान भएका विद्यालयहरु करीव ५०% मा राम्रो र अन्यमा सुधार गर्नुपर्ने।
३. प्राय शौचालय सबैमा रहेको तर महिला, पुरुष र अपाङ्गमैत्री तथा **WASH** सहितको सुविधा करीव ६०% रहेको।
४. घेराबार भएका विद्यालय ५०% र बाँकी असुरक्षित।
५. छात्रावास, पुस्तकालय र वाचनालय ९०% मा नभएको।
६. फर्निचर अपर्याप्त रहेको।
७. स्वच्छ खानेपानी अपर्याप्त भएको।

**समस्या**

१. सबै विद्यालयमा भौतिक पूर्वाधार पूर्ण नहुनु।
२. महिला, पुरुष शौचालय संयुक्त हुँदा शौचालयमा WASH सम्बन्धित समस्या।
३. खेलमैदान साँगुरो हुँदा पाठ्यक्रमले तोकेका उद्धेश्य पुरा गर्न कठिन।

### ४.६.३ उद्देश्य

१. लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु।
२. विद्यालय मापदण्डबमोजिम भौतिक पूर्वाधार विकास र विस्तारका गर्नु,
३. गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,

### ४.६.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवश्यकता र प्राथमिकताका आधारमा भौतिक संरचनामा लगानी गर्ने। | १.१कक्षाकोठा अभाव भएको विद्यालयको भौतिक पूर्वधार विकासका लागि पहिलो प्राथमिकता दिइनेछ।<br>१.२ न्युनतम भौतिक पूर्वाधार सुनिश्चित भएपछि विकासका मापदण्ड निर्धारण गरिनेछ। |
| २. प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री, अपाङ्गमैत्री तथा उत्थानशील सहितको भौतिक पूर्वाधार विकास गर्ने। | २.१ जोखिमयुक्त संरचनाहरु पहिचान गरी पुननिर्माण तथा पुनस्थापना गरिनेछ।<br>२.२ नयाँ बनाइने संरचनाहरु प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ। |

**४.६.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणसहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने।

**ख नतिजा**

१. आवश्यता पहिचान तथा प्राथमिकीकरणको आधारमा  विद्यालयहरुको भौतिक पूर्वाधार विकास।
२. राज्य तथा गैर राज्यबीचमा पूर्वाधार विकासका लागि लागत साझेदारी।
३. तोकिएको मापदण्ड बमोजिम पूर्वाधार निर्माण भई सुरक्षित वातावरणमा सिकाइ।

लिखु शिक्षा योजना २०८२

**विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह र विद्यालय |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्द्धन | निरन्तर | √ | √ | √ | √ | √ | | | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | √ | √ | √ | √ | √ | | | स्थानीय तह, विव्यस |
| ५ | अपाङगता मैत्री, लैङगिक मैत्री संरचनाको विकास | विद्यालय | ५ | १० | १५ | १७ | २० | २२ | २२ | विद्यालय |
| ६ | विद्यालय भवन मर्मत | आवश्यक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ७ | विद्यालयमा हरित वगैचा, वालउद्यान निर्माण | विद्यालय | ५ | १० | १५ | १७ | २० | २२ | २२ | |
| ८ | विद्यालय खेलमैदानको व्यवस्था | विद्यालय | ५ | १० | १५ | १७ | २० | २२ | २२ | |

लिखु शिक्षा योजना २०८

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउन नीतिगत व्यवस्था गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू समावेश गरेको छ।

डिजिटल नेपालको कार्य ढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता विकास गर्ने, सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै विद्यालय तथा शिक्षणसंस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्तिको संरचना तयार गर्ने उल्लेख छ। त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षणसिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान/गणित/अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षणसिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने मुख्य क्रियाकलाप रहेका छन्।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली वेवमा आधारित बनाइए पनि धैरैजसो विद्यालयमा कम्प्युटरलगायत सूचना प्रविधिसम्बन्धी सामग्री वा इन्टर्नेट कनेक्टिभिटीको अभावले पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन।

### ४.७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा समुचित प्रयोगले विद्यार्थीहरूबीच विद्यमान प्रविधिगत भिन्नता (Digital Divide) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिले शिक्षण सिकाइको साधनको रूपमा विकास गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय एवम् शासकीय पद्धतिमा सुधार ल्याउने कार्य गर्दछ।

लिखु गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार, जनशक्ति र प्रयोगको अवस्था विश्लेषण गर्दा निम्नानुसारका तथ्य भेटिएः

१. प्रत्येक माध्यामिक विद्यालयमा कम्प्युटर ल्याब भएको तर आधारभूत विद्यालयमा नभएको।
२. धैरै विद्यालयहरुमा स्मार्ट बोर्ड नभएको।
३. ICT उपकरणहरु प्रशासनिक कार्य र परीक्षाका लागि प्रयोग भइरहेको तर विद्यार्थी सिकाइमा कम प्रयोग भएको।
४. सबै विद्यालयहरुमा Internet को व्यवस्था भएको।
५. करिव ५० प्रतिशत भन्दा बढी शिक्षकहरु प्रविधिमैत्री नरहेको।
६. कक्षा ६-८ मा कम्प्युटर विषय पढाइ भइरहेको तर अभ्यास हुन नसकेको।
७. ICT उपकरणको मर्मत संभार खर्चको व्यवस्था नभएको।
८. द्रुत गतिको Internet को सुविधा नभएको साथै यस शीर्षकमा हुने निकासा पर्याप्त नरहेको।
९. दक्ष सीपयुक्त जनशक्तिको अभावका साथै यस सम्बन्धी तालिमको व्यवस्था नभएको।

### ४.७.३ उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा पहुँच विस्तार गरी सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनु,
२. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउनु,
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सहज र छिटोछरितो शैक्षिक सेवा प्रवाह गर्नु,

### ४.७.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास गर्ने। | १.१ विद्यालयको आवश्यकता अनुसार कम्प्युटर, इन्टरनेट, फोटोकपि, प्रिन्टर लगायतका ICT साधनहरु उपलब्ध गराइनेछ।<br>१.२ ICT साधनको समुचित प्रयोग गर्न क्रमश प्रशासनिक कार्यहरु कागजविहिन बनाउँदै लगिनेछ।<br>१.३ विद्यालयलाई ICT साधनको मर्मत गर्न प्राविधिक जनशक्ति गाउँपालिकाले उपलब्ध गराउनेछ।<br>१.४ इन्टरनेट प्रदायक संस्थासँग सहकार्य गरी विद्यालयमा उच्च गतिको इन्टरनेट सेवा प्रदान गराइनेछ। |
| २. प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिने। | २.१ शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ।<br>२.२ शिक्षण सिकाइमा प्रविधिको प्रयोगसम्बन्धी शिक्षकको क्षमता विकास तालिम सञ्चालन गरिनेछ।<br>२.३ विद्यालयमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराई उचित प्रयोग गरिनेछ। |
| ३. EMIS प्रयोग प्रभावकारी बनाइनेछ। | ३.१ प्रत्येक विद्यालयलाई समयमा नै EMIS अध्यावधिक गर्न प्रोत्साहित गरिनेछ।<br>३.२ EMIS तथ्याङ्कलाई शैक्षिक नीति, योजना, कार्यक्रम तथा बजेट निर्माणमा प्रयोग गरिनेछ। |

### ४.७.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क उपलब्धि**

सबै विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच र प्रयोगमा विस्तार भई शिक्षण सिकाइ सान्दर्भिक, उद्देश्यमूलक एवम गुणस्तरीयका साथै विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुशासन प्रवर्धन हुने।

**ख नतिजा**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
२. अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच पुग्ने।
३. विद्यालयले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
४. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
५. सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

लिखु शिक्षा योजना २०८२

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | २२ | ० | ० | ० | ० | २२ | २२ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | २२ | ० | ० | ० | ० | २२ | २२ | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | | ३० | ३० | ३० | ३० | १२० | १७५ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | १ | ३ | ३ | ४ | ४ | १५ | १५ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन | ओटा | | २ | २ | २ | २ | ८ | १५ | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयको भर्चुअल कक्षा सञ्चालन | | | | १ | २ | ३ | ६ | १० | |
| ९ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट व्यवस्थापन | विद्यालय | ५ | १० | १५ | १७ | २० | २२ | २२ | |
| १० | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | १३० | |
| ११ | विद्यालयमा कम्तिमा एउटा Interactive Board को व्यवस्था | विद्यालय | ५ | १० | १५ | १७ | २० | २२ | २२ | |
| १२ | कक्षाकोठामा प्रोजेक्टरको व्यवस्था | विद्यालय | ५ | १० | १५ | १७ | २० | २२ | २२ | |

## परिच्छेद ५ - सुशासन तथा व्यवस्थापन

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

शिक्षामा तीनै तहका सरकार, विद्यालय, समुदाय तथा गैरसरकारी सङ्घसंस्थाहरूको भूमिकाबाट मात्र सुशासन कायम गर्न सकिन्छ । शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, कार्य जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ हुनुपर्दछ । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापन हुने व्यवस्था गरेको छ । यस सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्ट प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकता पर्छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्दछ ।

#### ५.१.२ वर्तमान अवस्था

केन्द्र स्तरमा रहेका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश स्तरमा रहेका सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, स्थानीय स्तरमा रहेका शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालय शिक्षाको सेवा प्रवाह गर्ने संगठनात्मक संरचनाहरु हुन् । यसैगरी स्थानीय तहमा रहने शिक्षा समिति, सामाजिक विकास समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घलगायतका संस्थागत व्यवस्था रहेका छन् । यी सबै संगठन तथा संरचनामा आवद्ध जनशक्तिको क्षमता विकास तथा क्षमताको समुचित उपयोग मार्फत शैक्षिक सेवा प्रवाह गुणस्तरीय एवम् प्रभावकारी बन्न सक्छ । संस्थागत क्षमताको सुदृढीकरणले अपेक्षित उद्देश्य प्राप्ति सम्भव हुन्छ । गाउँपालिकाको शैक्षिक सेवा प्रवाह सम्बन्धमा वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न अवस्था विद्यमान देखिन्छ ।

१. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र बाल क्लब नियमानुसार गठन भएको साथै क्रियाशिल रहेका ।
२. लेखापरीक्षण, सार्वजानिक सुनुवाई समयमै सम्पन्न भएको ।
३. गाउँपालिका लगायतका निकायबाट नियमित अनुगमन भएको ।
४. विद्यालय र समुदायबीच सुमधुर सम्बन्ध कायम भएको ।
५. शिक्षक तथा विद्यार्थीले आचारसंहिता पालना गरेको ।
६. शिक्षक, विद्यार्थी, प्र.अ. आआफ्नो क्षेत्रका लागि जवाफदेही रहेको ।
७. सूचना तथा संचार प्रविधिको प्रयोग हुन नसकि सुशासन तथा व्यवस्थापन पक्ष कमजोर भएको ।
८. विविधतायुक्त समाजमा एकै किसिमको सेवा प्रवाहले शैक्षिक र राजनैतिक नेतृत्वप्रति कम विश्वास भएको ।
९. वि.व्य.स, शि.अ.सं. तथा प्रधानाध्यापकको नियुक्तिमा राजनैतिक हस्तक्षेप भएको ।
१०. शैक्षिक सुधार, सुशासन तथा व्यवस्थापनका लागि दलहरुसँग स्पष्ट खाका नभएको ।
११. राजनैतिक हस्तक्षेपका कारण क्षमतावान् नेतृत्व समितिमा आउन नसकेको ।

#### ५.१.३ उद्देश्य

१. विद्यालय सञ्चालन तथा व्यवस्थापनमा पारदर्शिता, प्रभावकारिता, कार्यकुशलता एवम् जवाफदेहिता सुनिश्चित गर्नु,
२. कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही बनाउने संयन्त्र निर्माण गर्नु,
३. संस्थागत संरचना मजवुत बनाउनु,
४. विद्यालयका शिक्षक, प्रधानाध्यापक र समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गर्नु,
५. प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गर्नु ।

### ५.१.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. आगामी २ वर्षभित्र शिक्षा क्षेत्रमा आवश्यक ऐन, नीति तथा कानुनहरु निर्माण गर्ने। | १.१ शिक्षा ऐन, नीति तथा कानुन तयार गर्न सरोकारवालासँग सहकार्य गरिनेछ।<br>१.२ शिक्षा नीति तथा कानुन तयार गर्दा सङ्घीय तथा प्रादेशिक नीति तथा कानुनी प्रावधानहरुसँग उचित सहसम्बन्ध कायम गरी स्थानीय आवश्यकतालाई प्राथमिकता दिइनेछ। |
| २. वित्तिय सुशासनका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग र संस्थागत क्षमता विकास गर्ने। | २.१ विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिइनेछ।<br>२.२ शैक्षिक सूचनाहरु तथा महत्वपूर्ण जानकारी नियमित वेवसाइटमा अध्यावधिक गरी पारदर्शिता कायम गरिनेछ। |
| ३. विद्यालय तथा गाउँपालिकाको शैक्षिक सेवा सञ्चालन र व्यवस्थापनमा सुधार ल्याइने। | ३.१ प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन करार सम्झौता गरिनेछ।<br>३.२ कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कृत तथा दण्डित हुने व्यवस्था लागु गरिनेछ।<br>३.३ प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.४ प्रत्येक पदाधिकारीहरुको आचार सहिंता बनाई कार्यान्वयन गरिनेछ। |

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क उपलब्धि**

सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिवृद्धि भई विद्यालय सञ्चालनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जवाफदेहिता प्रवर्धनमार्फत सुशासन कायम भएको हुने।

**ख मुख्य नतिजा**

१. विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह।
२. सबै प्रधानध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौत।
३. आचारसंहिता तयार भई कार्यान्वयन।
४. कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कार तथा दण्ड दिने प्रणाली कार्यान्वयन।

**शिक्षाको व्यवस्थापन र क्षमता विकासका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार | पटक | | १ | १ | १ | १ | १ | ५ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | १ | | | | | १ | १ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास | सङ्ख्या | | १ | | | | १ | १ | |

### ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

#### ५.२.१ परिचय

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग समन्वय तथा सहकार्य गर्दछ। त्यसैगरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ। मन्त्रालय अन्तर्गत समग्र विद्यालय क्षेत्रका रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीहरूको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसाग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्दति, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका लागि मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय निकायहरू रहेका छन्।

शिक्षक छनौट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तिभरणलगायतका निवृत्त शिक्षकको सेवाका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत शिक्षक किताबखाना रहेको छ। राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० र कक्षा १२ मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ। प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एक एक वटा शिक्षा विकास निर्देशनालय र एक एक ओटा शिक्षा तालिम केन्द्र रहेका छन् । स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षासम्बन्धी काम गरिरहेको अवस्था छ। यसका अत्तिरिक्त सङ्घीय शिक्षा मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लामा एकओटाका दरले ७७ ओटा जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइहरू रहेका छन्।

सङ्घीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थपानले विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ। विभिन्न गाउँपालिकाले शिक्षकलाई ल्याएर काम लगाएको अवस्था छ। शिक्षाका कतिपय ससर्त अनुदानका बजेट र कार्यक्रमहरू स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने, विद्यालयलाई दिएपनि समयमा नदिने जस्ता समस्याहरू सबैतिर बल्झिएका छन्। आर्थिक वर्ष २०७७/०७८ देखि नै सबै विद्यालयका बालविकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाको दिवा खाजा वापतको रकम दिन थालिएको अवस्था रहेको छ। कक्षा १० को परीक्षासम्बन्धी कामका लागि सेवाग्राहीहरू परीक्षाबोर्डको शाखा र प्रदेश कार्यालयहरूमा धाउने गर्दछन् जब त्यो कामको बारेमा शाखा र प्रदेश कार्यालयहरू अनभिज्ञ छन्। त्यसैले यतिबेला योजना र कार्यक्रमको कार्यान्वयनको सबालमा केही द्विविधाहरू उत्पन्न भएको अवस्था छ। गाउँपालिकाहरूमा प्राप्त हुने योजना कार्यान्वयनको आवश्यक बजेट समेत समयमा फुकुवा नहुनाले तोकिएको समयमा योजना कार्यान्वयन हुन सकिरहेको छैन। कतिपय योजनाको बजेट आर्थिक वर्षको अन्तमा मात्र निकास हुने हुँदा सोही आर्थिक वर्षमा काम हुन सकेको छैन।

#### ५.२.२ वर्तमान अवस्था

कुनै पनि योजनाको सफलता तब मात्र हुन्छ जब योजना प्रभावकारी ढंगले कार्यान्वयन भएको हुन्छ। योजनाको प्रभावकारिताका लागि संस्थागत संरचना, सीपयुक्त मानव संसाधन, आवश्यक वित्तीय तथा अन्य स्रोत साधनको समुचित प्रवन्ध गरिएको हुन्छ। योजना वास्तविक आवश्यकतामा आधारित भएर तर्जुमा गरिएमा मात्र अपेक्षित लक्ष्य प्राप्ति सम्भव हुन्छ। लिखु गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो क्षेत्राधिकारभित्रका क्षेत्रगत योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरे सँगै स्थानीय शिक्षा ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरी शैक्षिक सुधारमा अगाडी बढेको छ। यो शिक्षा क्षेत्रको योजना निर्माण पनि सोही प्राथमिकताको उपज हो।

विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरिएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्था भएका संस्थागत संरचनाहरुको सुदृढीकरण तथा जनशक्तिको क्षमता, उत्प्रेरणा, मनोबल र उपयोगमा वृद्धि गर्नु आजको आवश्यकता हो। खास गरी गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक विकास समिति, पालिकाको शिक्षा समिति, वडा कार्यालयको वडा शिक्षा समिति, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानध्यापक समेतको संस्थागत तथा कार्यगत क्षमता अभिवृद्धि एवम् आफ्नो काम, कर्तव्य र नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउन सकेमा मात्र योजनाको पूर्ण कार्यान्वयन सम्भव छ ।

योजना निर्माण, कार्यान्वयन एवम् प्रतिफल वितरणसम्म सरोकारवाला पक्षहरुको सहभागिता भएमा स्वामित्व तथा अपनत्व वृद्धि भई दिगोपना सम्भव हुन्छ । विद्यालय, प्रधानध्यापक, शिक्षक, अभिभाक, शिक्षा प्रशासन, जनप्रतिनिधिको संयुक्त प्रयासबाट नै अपेक्षित सुधार सम्भव हुन्छ । यही गतिशिलतामा यो योजना तर्जुमा गरी कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ।

### ५.२.३ उद्देश्य

१. विद्यालय शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु,
२. गाउँपालिका क्षेत्रभित्र रहेका शिक्षासँग सम्बन्धित संरचनाहरुको सुदृढीकरण गर्नु,
३. शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नु,
४. कार्यान्वयनका चरणमा देखापर्ने समस्याको समयमै पहिचान गरी समाधान गर्नु ।

### ५.२.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गर्ने । | १.१ कार्यान्वयन योजना तयार पारिनेछ ।<br>१.२ सरोकारवाल माझ योजनाको प्रबोधीकरण गरिनेछ ।<br>१.३ कार्यान्वयन संयन्त्रको संस्थागत क्षमताको सुदृढीकरण गरिनेछ । |

### ५.२.५ उपलब्धि ,नतिजा ,प्रमुख क्रियाकलाप र लक्ष्य

**क उपलब्धि**

दश वर्षको योजनाका आधारमा पाँच वर्षे शिक्षा क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भई विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने ।

**ख प्रमुख नतिजा**

१. योजना कार्यान्वयन गर्ने संयन्त्रको संस्थागत क्षमतामा अभिवृद्धि भई शिक्षा क्षेत्रको योजना प्रभावकारी रुपमा कार्यान्वयन ।
२. अनुगमन सूचकसहित अनुगमन तथा मूल्याङकन ।
३. कार्यरत जनशक्तिको क्षमता विकास भई शैक्षिक सेवा प्रवाह छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी ।
४. समयमै प्रतिवेदन प्राप्त भई पृष्ठपोषण प्रदान ।

लिखु शिक्षा योजना २०८१

**स्थानीय शिक्षा योजना कार्यान्वयनका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | सङ्ख्या | | १ | | | | १ | १ | |
| ५ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | | | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धि कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप अनुदान | सङ्ख्या | | १ | | | | १ | १ | |

लिखु शिक्षा योजना २०८२

## परिच्छेद ६ - लगानी र स्रोत व्यवस्थापन

### ६.१. परिचय

लगानीले सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, सहभागी सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता र स्रोतको समतामूलक वितरण र उपयोगमा ध्यान दिएको छ। आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क रुपमा सबै नागरिकलाई उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रका अतिरिक्त औपचारिक संरचनाबाहिरका ट्युसन, कोचिङ सेन्टरको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकार मातहत रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ ओटा अधिकारको विस्तृतीकरण गरेको छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थालाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व गाउँपालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढंगले व्यवस्थापन गर्नुपर्दछ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईओटा पक्षलाई समेटिएको छ। एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न अनुदानलाई विद्यालयमा पुऱ्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

सीमित स्रोतसाधन र असिमित आवश्यकताको सम्बोधन गर्नु प्रमुख चुनौती रहेको छ। कमजोर पूर्वाधारको विस्थापन गरी सुविधासम्पन्न पूर्वाधारको निर्माण गर्नु पनि चुनौती रहेको छ। कार्यान्वयन संयन्त्रको क्षमता विकास र सबलीकरण गर्नु पनि अर्को चुनौतीका रूपमा देखापरेको छ।

### ६.२ वर्तमान अवस्था

शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि हुने गर्दछ। एकातिर संवैधानिक प्रावधानले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षा क्षेत्रको लगानी र निजी क्षेत्रको संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तीनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन-कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, त्यति नै शैक्षिक लगानीको पक्ष सक्षम र व्यवस्थित हुन्छ।

शिक्षाका सबै तहमा गुणस्तर र पहुँच अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालनका लागि स्रोतको खोजी तथा व्यवस्थापन गर्ने प्रयास निरन्तर रूपमा भइरहेका छन्। विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाइका लागि आवश्यक न्यूनतम प्रबन्ध मिलाउन पनि थप लगानी आवश्यक देखिन्छ। शिक्षाको वित्तीय प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय सरकारका साथै समुदायको साझेदारी रहनेछ। स्रोत साधनको परिचालनका लागि गाउँपालिकाको दृढ प्रतिबद्धता, निजी क्षेत्रसँग साझेदारीको प्रबन्ध र समुदायबीच खर्च साझेदारीको आवश्यकता पर्दछ। यस्ता बहुपक्षीय पद्धति केवल कोष सञ्चालनका लागि मात्र नभई प्रमुख साझेदारहरूबीच सुदृढ स्वामित्व तथा जवाफदेहिताको अभिवृद्धि गर्नुपर्ने हुन्छ। वित्तीय व्यवस्थापन, प्रतिवेदन तयारी र सामाजिक परीक्षणलाई संस्थागत गर्ने सम्बन्धमा सम्बद्ध निकायको क्षमता अभिवृद्धि यस योजनाको अर्को महत्त्वपूर्ण पक्ष हो।

लिखु गाउँपालिकाले चालु आर्थिक वर्षमा स्थानीय स्रोतको ६.५१ प्रतिशत बजेट शिक्षामा विनियोजन गरेको देखिन्छ। पञ्चवर्षीय शिक्षा क्षेत्रको योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछ। अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थालाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयलाई आवश्यकताका क्षेत्रमा स्रोत उपलब्ध गराउनु र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्नु जस्ता कार्यहरू प्राथमिकतामा रहेका छन्। नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत विद्यालयलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्य सम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। विद्यालयलाई अनुदान दिन श्रोतको आँकलन तपशिल वमोजिम गरिएको छ।

| क्र.स. | वित्तिय स्रोतको व्यवस्थापन | कुल बजेट रु हजारमा | प्रतिशत अनुमानित | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ७५२८४७ | ८९.६८% | |
| २ | प्रदेश सरकार | १२८४८ | १.५३% | |
| ३ | स्थानीय सरकार | ५४६४३ | ६.५१% | |
| ४ | सङ्घ संस्था तथा दातृ निकाय | ० | ०.००% | |

| | | | | |
|---|---|---|---|---|
| ५ | स्थानीय दाता तथा अन्य स्रोत | ० | ०.००% | |
| ६ | अपुग रकम | १९१७६ | २.२८% | |
| **जम्मा** | | **८३९५१५** | **१००.००%** | |

### ६.३ उद्देश्य

१. विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
४. लगानी उपयोगको अवस्था, विधि, प्रक्रिया र जवाफदेहिता स्पष्ट पार्नु,
५. योजना कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षमता र प्रभावकारितामा सुधार गर्नु।

### ६.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा क्षेत्रमा लगानी बढाउने। | १.१ तीनै तहको सरकार तथा गैरसरकारी सङ्घसंस्थासँग लागत साक्षेदारीमा आर्थिक स्रोतको व्यवस्थापन गरिनेछ।<br>१.२ अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त र विशेष अनुदान अवलम्बन गरिनेछ। |
| २. खर्चमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता सुनिश्चित गर्ने। | २.१ विनियोजित बजेटको सही सदुपयोगको सुनिश्चितताको लागि सुदृढ अनुगमन तथा निरिक्षण प्रणालीको विकास गरिनेछ।<br>२.२ स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय हुने भएकाले गुणस्तर सुनिश्चित गरिनेछ।<br>२.३ सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गरिनेछ।<br>२.४ वित्तीय व्यवस्थापन प्रणाली र सार्वजनिक खरिद प्रणालीको दृढताका साथ परिपालना गरिनेछ।<br>२.५ मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ।<br>२.६ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सुदृढ गरिनेछ। |

### ६.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप र लक्ष्य

**क उपलब्धि**

विद्यालय शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा सुधार आउने।

**ख नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास।
४. स्रोत व्यवस्था र परिचालनमा गैरसरकारी संस्थासँगको साझेदारी विकास।
५. सबै शिक्षण संस्थाको सामाजिक परीक्षण।

**क) संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ८७९४ | ९२३४ | ९६९५ | १०१८० | १०६८९ | ४८५९२ | |
| २ | आधारभूत शिक्षा | ६६७८४ | ७०१२३ | ७३६२९ | ७७३११ | ८११७६ | ३६९०२४ | |
| ३ | माध्यमिक शिक्षा | २२५४६ | २३६७३ | २४८५७ | २६१०० | २७४०५ | १२४५८१ | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन | ४०६६ | ४२६९ | ४४८३ | ४७०७ | ४९४२ | २२४६७ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ९०२६ | ९४७७ | ९९५१ | १०४४९ | १०९७१ | ४९८७४ | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ६१३ | ६४४ | ६७६ | ७१० | ७४५ | ३३८७ | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ३६९५ | ३८८० | ४०७४ | ४२७७ | ४४९१ | २०४१७ | |
| १० | विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशीलता | ४०० | ४२० | ४४१ | ४६३ | ४८६ | २२१० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | १०००० | १०५०० | ११०२५ | ११५७६ | १२१५५ | ५५२५६ | |
| १२ | विद्यालयमा सूचना तथा संचार प्रविधि | ६१६५ | ६४७३ | ६७९७ | ७१३७ | ७४९४ | ३४०६६ | |
| **जम्मा** | | **१३२८८९** | **१३९५३३** | **१४६५१०** | **१५३८३६** | **१६१५२७** | **७३४२९६** | |

**ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ९१८ | ९६४ | १०१२ | १०६३ | १११६ | ५०७३ | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ८ | शैक्षिक समता र समावेशीकरण | १४०७ | १४७७ | १५५१ | १६२९ | १७१० | ७७७५ | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय सुरक्षा, विपद न्यूनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयमा सूचना तथा संचार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| **जम्मा** | | **२३२५** | **२४४१** | **२५६३** | **२६९१** | **२८२६** | **१२८४७** | |

**ग) स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| **क्र.स.** | **अनुदान प्राप्त हुने उपक्षेत्र / विषय** | **आर्थिक वर्ष** | | | | | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७५०६ | ७६५६ | ७८०९ | ७९६५ | ८१२५ | ३९०६२ | |
| २ | आधारभूत शिक्षा | १२१० | १२३४ | १२५९ | १२८४ | १३१० | ६२९७ | |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | १८० | १८४ | १८७ | १९१ | १९५ | ९३७ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन | १४६२ | १४९१ | १५२१ | १५५१ | १५८३ | ७६०८ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १०० | १०२ | १०४ | १०६ | १०८ | ५२० | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ४२ | ४३ | ४४ | ४५ | ४५ | २१९ | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयमा सूचना तथा संचार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| **जम्मा** | | **१०५००** | **१०७१०** | **१०९२४** | **१११४३** | **११३६६** | **५४६४२** | |

## ६.६ वित्तिय योजनाको सारांश

| क्र.स. | विद्यालय शिक्षाका मुख्य तथा अन्तर्सम्वन्धित उपक्षेत्र तथा विषयहरू | योजना अवधिको कुल लागत | लक्ष्य (५ वर्ष) | | | | | श्रोत आँकलन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | संघ | प्रदेश | स्थानीय तह | संघ संस्था | अन्य |
| १ | **विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू** | | | | | | | | | | | |
| क | प्रारम्भिक बालविकास तथा शिक्षा | ८७६५४ | १६३०० | १६८९० | १७५०५ | १८१४६ | १८८१४ | ४८५९२ | ० | ३९०६२ | ० | |
| ख | आधारभूत शिक्षा | ३७५३२१ | ६७९९४ | ७१३५७ | ७४८८८ | ७८५९५ | ८२४८६ | ३६९०२४ | ० | ६२९७ | ० | |
| ग | माध्यमिक शिक्षा | १२९६५३ | २३४६४ | २४६३७ | २५८६९ | २७१६३ | २८५२१ | १२४५८१ | ५०७३ | ० | ० | |
| घ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ङ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ५३५७ | ९८० | १०२४ | १०६९ | १११७ | ११६७ | ४४२१ | ० | ९३७ | ० | |
| २ | **अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** | | | | | | | | | | | |
| क | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन | ३००७६ | ५५२८ | ५७६१ | ६००४ | ६२५८ | ६५२५ | २२४६७ | ० | ७६०८ | ० | |
| ख | शिक्षक व्यवस्थापन र विकास | ५०३९५ | ९१२६ | ९५७९ | १००५५ | १०५५५ | ११०७९ | ४९८७४ | ० | ५२० | ० | |
| ग | शिक्षामा समता र समावेशीकरण | ११३८० | २०६२ | २१६४ | २२७१ | २३८३ | २५०१ | ३३८७ | ७७७५ | २१९ | ० | |
| घ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | २०४१७ | ३६९५ | ३८८० | ४०७४ | ४२७७ | ४४९१ | २०४१७ | ० | ० | ० | |
| ङ | विद्यालय सरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता | २२१० | ४०० | ४२० | ४४१ | ४६३ | ४८६ | २२१० | ० | ० | ० | |
| च | विद्यालय भौतिक पूर्वाधार विकास | ५५२५६ | १०००० | १०५०० | ११०२५ | ११५७६ | १२१५५ | ५५२५६ | ० | ० | ० | |
| छ | विद्यालयमा सूचना तथा प्रविधि | ३४०६६ | ६१६५ | ६४७३ | ६७९७ | ७१३७ | ७४९४ | ३४०६६ | ० | ० | ० | |
| ३ | संस्थागत संरचना र क्षमता विकास | १६८५३ | ३०५० | ३२०३ | ३३६३ | ३५३१ | ३७०७ | १६८५३ | ० | ० | ० | |
| ४ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १२०० | ४०० | २०० | २०० | २०० | २०० | १२०० | ० | ० | ० | |
| ५ | कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ५०० | ० | ० | |
| | **कुल जम्मा** | **८२०३३८** | **१४९२६४** | **१५६१८७** | **१६३६६०** | **१७१५०१** | **१७९७२६** | **७५२३४९** | **१३३४७** | **५४६४२** | **०** | |
| | **प्रतिशतमा कूल जम्मा** | **१००.००** | **१८.२०** | **१९.०४** | **१९.९५** | **२०.९१** | **२१.९१** | **९१.७१** | **१.६३** | **६.६६** | **०.००** | |

**६.७ क्रियाकलापगत बजेट अनुसूची १ मा राखिएको छ।**

## परिच्छेद ७ - अनुगमन तथा मूल्याङ्कन

### ७.१ परिचय

शैक्षिक कार्यक्रममा स्रोत र साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रकृयामा त्रुटिहरू छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्वितरण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढंगले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यत: कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई उद्देश्यमूलक, पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछ। कार्यक्रम कार्यान्वयनको प्रभावकारिता उक्त कार्यको निरीक्षण, अनुगमन र पृष्ठपोषण लिनेदिने कार्यमा निर्भर गर्दछ। कार्यान्वयनको वास्तविक अवस्था, कमीकमजोरी पहिचान गरी समाधानका लागि दिशानिर्देश गर्न अनुगमन आवश्यक हुन्छ।

### ७.२ वर्तमान अवस्था

नेपालमा आठौँ योजनाबाट अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ। राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समित (NDAC) र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गरिन्छ। संघीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा निर्देशनालय, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहमा शिक्षा शाखाबाट हुँदै आएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको उपलब्धि परीक्षण गर्दै आएको छ।

विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रकृयामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरीवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएको हुनाले सुपरीवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध भएको छैन। हाल आएर केही गाउँपालिकामा विषयगत विज्ञ समूह गठन गरी शिक्षकलाई पेशागत सहायता प्रदान गर्ने कार्य प्रारम्भ भने भएको पाइन्छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क संकलनको कार्य शुरू गरिएको छ। विद्यालय तह, स्थानीय तह, प्रदेश र संघीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ।

संघीय संरचना अनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनु पर्दछ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ। अनुगमन र मूल्याङ्कनलाई औपचारिक निर्वाह गर्ने प्रयोजनका लागि नभई सुधार र प्रोत्साहनका लागि प्रयोग गरिनु पर्दछ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ।

### ७.३ उद्देश्य

१. आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु,
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रयोगमा ल्याउनु,
३. योजना कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
४. परिपत्र तथा निर्देशन कार्यान्वयनको अवस्था पहिचान गरी पृष्ठपोषण प्रदान गर्नु,
५. सहभागितामूलक अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण पद्धतिको विकास गर्नु,
६. अनुगमन प्रणालीलाई लगानी, प्रक्रिया र प्रतिफलसँग आवद्ध गर्नु।

### ७.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रभावकारी अनुगमन संयन्त्र मार्फत सेवाग्राहीमैत्री सेवा प्रवाहलाई प्रवर्धन गर्ने । | १.१ अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संयन्त्र तथा जनशक्ति विकास गरिनेछ ।<br>१.२ अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिताको लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।<br>१.३ अनुगमन सूचकको निर्माण गरिनेछ ।<br>१.४ अनुगमन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ सहभागितामूलक तथा नतिजामा आधारित अनुगमन पद्धतिको प्रयोग गरिनेछ ।<br>१.६ स्वचालित प्रतिवेदन प्रणाली कार्यान्वयन गरिनेछ ।<br>१.७ स्रोत विज्ञहरुको नियुक्ती र परिचालन गरिनेछ । |

### ७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क उपलब्धि**

विद्यालयमा अनुगमन प्रणालीको संस्थागत सुदृढीकरण भएको हुने ।

**ख प्रमुख नतिजा**

१. नतिजामा आधारित सहभागितामूलक अनुगमन प्रणाली स्थापित ।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह ।
३. उचित प्रोत्साहन र पुरस्कार दिने व्यवस्थाले शिक्षक एवम् विद्यालय कर्मचारीको कार्यसम्पादनमा सुधार ।
४. नियमित र समूहगत अनुगमन तथा सुपरिवेक्षणले शिक्षक सहायता प्रणालीको विकास ।
५. विद्यालयको आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता वृद्धि ।
६. अनुगमनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई प्रभावकारितामा अभिवृद्धि ।

लिखु शिक्षा योजना २०८२

**अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | गाउँपालिका | २ | २ | २ | २ | २ | १० | २० | सङ्घ, स्थानीय तह |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | | | १ | | | | १ | २ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | सङ्घ तथा प्रदेश |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण | कक्षा | | ३ | ५ | ८ | १० | ४ | ४ | सङ्घसँग समन्वय |
| ५ | स्थिति प्रतिवेदन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | सङ्घ, स्थानीय तह |
| ६ | सामाजिक लेखापरीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ७ | आर्थिक लेखापरीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ८ | विद्यालयको कार्यसम्पादनपरीक्षण | गाउँपालिका | ५ | १० | १६ | १६ | १६ | | | |
| ९ | विज्ञ समूह तथा शिक्षक, सिकाइ समूह र शिक्षा शाखा मार्फत् विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १० | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ११ | प्रमाणमा आधारित मूल्याङ्कनका लागि अभिलेखिकरण | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १२ | स्थानीय तहद्धारा कक्षा अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

## अनुसुची १

**क्रियाकलापगत वजेट**

| क्र. स. | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) २०८२/८३-२०८६/८७ | | | | | योजना अवधिको कुल लागत | लगानीको श्रोत आँकलन रु हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | संघ | प्रदेश | स्थानीय तह | संघ संस्था | अपुग |
| **३.१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० | ० |
| २ | प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | २०० | ० | ० | ० | २०० | ४०० | ० | ० | ४०० | ० | ० |
| ३ | परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँग सहकार्य तथा समन्वय | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० | ० |
| ४ | शिक्षक तथा कर्मचारीको तलब भत्ता | ४३५० | ४५६८ | ४७९६ | ५०३६ | ५२८७ | २४०३६ | २४०३६ | ० | ० | ० | ० |
| ५ | न्यूनतम पूर्वाधार, सिकाइ तथा खेल सामग्री आदि व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार | ४००० | ४२०० | ४४१० | ४६३१ | ४८६२ | २२१०३ | २२१०३ | ० | ० | ० | ० |
| ६ | सहजकर्ताको पेसागत क्षमता विकास | ९०० | ९४५ | ९९२ | १०४२ | १०९४ | ४९७३ | ० | ० | ४९७३ | ० | ० |
| ७ | आवश्यकताअनुसार स्थानीय भाषालाई प्राथमिकता दिई स्थानीय भाषाको प्रयोग | १५० | १५८ | १६५ | १७४ | १८२ | ८२९ | ८२९ | ० | ० | ० | ० |
| ८ | अभिभावक शिक्षा | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | ० | ० | ४४२१ | ० | ० |
| ९ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ० | ० | २७६३ | ० | ० |
| १० | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | १५० | १५८ | १६५ | १७४ | १८२ | ८२९ | ० | ० | ८२९ | ० | ० |
| ११ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुदृढ | १५० | १५८ | १६५ | १७४ | १८२ | ८२९ | ० | ० | ८२९ | ० | ० |
| १२ | प्रारम्भिक बालविकास सहजकर्ताहरूको पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि | ४००० | ४२०० | ४४१० | ४६३१ | ४८६२ | २२१०३ | ० | ० | २२१०३ | ० | ० |
| १३ | विद्यालय वा समुदायमा आधारित वाल उद्यान निर्माण | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | १६२४ | ० | १२४४ | ० | १५५१ |
| | **जम्मा** | **१६३००** | **१६८९०** | **१७७२०** | **१८५९०** | **१९७०५** | **८९२०५** | **४८५९२** | **०** | **३९०६२** | **०** | **१५५१** |
| **३.२** | **आधारभूत शिक्षा (कक्षा १-८)** | | | | | | | | | | | |
| १ | शिक्षकहरूको पारिश्रमिक र क्षमता विकास | ६०५०० | ६३५२५ | ६६७०१ | ७००३६ | ७३५३८ | ३३४३०१ | ३३४३०१ | ० | ० | ० | ० |
| २ | विद्यालय नक्साङ्कन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | दरबन्दि पुनर्वितरण तथा समायोजन | ० | २०० | ० | ० | ० | २०० | ० | ० | २०० | ० | ० |
| ४ | बालबालिकालाई विद्यालय भर्ना | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | ० | ० | ४४२१ | ० | ० |
| ५ | प्रारम्भिक कक्षाको न्युनतम प्याकेज व्यवस्थापन र संचालनका लागि विद्यालयलाई अनुदान | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | व्यवस्थित परीक्षा प्रणाली | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| ७ | वि.व्य.सं. तथा शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकास | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| ८ | अभिभावक अभिमुखिकरण र सहभागिता | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | ६९४ | ७२९ | ७६५ | ८०३ | ८४४ | ३८३५ | ३८६८ | ० | ० | ० | ० |
| १० | कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री शिक्षण सिकाइको व्यवस्थापन | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| ११ | कक्षामा पुस्तकालय वा बुक कर्नरको स्थापना | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| १२ | बालक्लब तथा खेलकुदक्लब गठन | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ३२२७ | ० | १६७६ | ० | ५८९ |
| | **जम्मा** | **६७९९४** | **७१५९४** | **७४९६३** | **७८७१२** | **८२६४७** | **३७५९१०** | **३६९०२४** | **०** | **६२९७** | **०** | **५८९** |
| **३.३** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानून, कार्यविधि, निर्देशिका निर्माण | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० | ० |
| २ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित तथा खुला तथा दुर शिक्षा कार्यक्रमको प्रबन्ध | ४०० | ४२० | ४४१ | ४६३ | ४८६ | २२१० | २२१० | ० | ० | ० | ० |
| ३ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | ६०० | ६३० | ६६२ | ६९५ | ७२९ | ३३१५ | ३३१५ | ० | ० | ० | ० |
| ४ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | २७६३ | ० | ० | ० | ० |
| ५ | कक्षा ९-१२ मा कार्यरत शिक्षकका लागि तलब भत्ता | २००८० | २१०८४ | २२१३८ | २३२४५ | २४४०७ | ११०९५५ | ११०९५५ | ० | ० | ० | ० |
| ६ | शिक्षक क्षमता विकास | २५० | २६३ | २७६ | २८९ | ३०४ | १३८१ | १३८१ | ० | ० | ० | ० |
| ७ | वि.व्य.सं. तथा शि.अ.संघका पदाधिकारीहरूको क्षमता विकास | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | १६५८ | ० | ० | ० | ० |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग | २३४ | २४६ | २५८ | २७१ | २८४ | १२९३ | १२९३ | ० | ० | ० | ० |
| ९ | पढ्दै कमाउदै कार्यक्रम | ६०० | ६३० | ६६२ | ६९५ | ७२९ | ३३१५ | ० | ३३१५ | ० | | |
| १० | बुक फ्रि फ्राइडे कार्यक्रम | ६०० | ६३० | ६६२ | ६९५ | ७२९ | ३३१५ | ५०६ | १७५८ | ० | | १०५२ |
| | **जम्मा** | **२३६६४** | **२४८४२** | **२६०७९** | **२७३७८** | **२८७४२** | **१३०७०६** | **१२४५८१** | **५०७३** | **०** | **०** | **१०५२** |
| **३.४** | **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम** | | | | | | | | | | | |
| १ | प्रयोगशाला व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विद्यालयमा प्राविधिक शिक्षा (बाली विज्ञान पशु विज्ञान सिभिल इञ्जिनियरिङ इत्यादी) कार्यक्रम सञ्चालन | २००० | २१०० | २२०५ | २३१५ | २४३१ | ११०५१ | ० | ० | ० | ० | ११०५१ |
| ३ | सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रमको अनुगमन, नियमन र व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी गाउँपालिकास्तरीय नीति तर्जुमा | १५० | ० | ० | ० | ० | १५० | ० | ० | ० | ० | १५० |
| ५ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ० | ० | ० | ० | ११०५ |
| ६ | प्राविधिक धार सञ्चालन भएको विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ० | ० | ० | ० | ११०५ |
| ७ | बहुप्राबिधिक शिक्षालय स्थापना | २००० | ० | ० | ० | ० | २००० | ० | ० | ० | ० | २००० |
| | **जम्मा** | **४५५०** | **२५२०** | **२६४६** | **२७७८** | **२९१७** | **१५४१२** | **०** | **०** | **०** | **०** | **१५४११** |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३.५** | **अनौपचारिक शिक्षा र आजीवन सिकाइ** | | | | | | | | | | | |
| १ | निरक्षरहरूको विवरण संकलन र अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | २७६३ | ० | ० | ० | ० |
| २ | सामुदायिक पुस्तकालयको व्यवस्थापन | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ | ५५३ | ० | ० | ० | ० |
| ३ | सामुदायिक सिकाइ केन्द्र प्रविधिमैत्री | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ११०५ | ० | ० | ० | ० |
| ४ | संघ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना तथा अनुदान | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ | ० | ० | ५५३ | ० | ० |
| ७ | जेष्ठ नागरिक, श्रमिक, गृहिणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ | ८० | ८४ | ८८ | ९३ | ९७ | ४४२ | ० | ० | ३८४ | ० | ५७ |
| **जम्मा** | | **९८०** | **१०२९** | **१०८०** | **११३४** | **११९१** | **५४१५** | **४४२१** | **०** | **९३७** | **०** | **५७** |
| **४.१** | **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन** | | | | | | | | | | | |
| १ | पाठ्यक्रम अभिमुखिकरण तथा कार्यान्वयन | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ | ० | ० | ५५३ | ० | ० |
| ३ | शिक्षक पेसागत सहयोग | ४०० | ४२० | ४४१ | ४६३ | ४८६ | २२१० | २२१० | ० | ० | ० | ० |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | १६५८ | ० | ० | ० | ० |
| ५ | आवधिक मूल्यांकन | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ११०५ | ० | ० | ० | ० |
| ६ | स्थानीय पाठ्यक्रम/पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन | ३२८ | ३४४ | ३६२ | ३८० | ३९९ | १८१२ | १८१२ | ० | ० | ० | ० |
| ७ | अनुगमन तथा सुपरिवेक्षण | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ० | ० | १६५८ | ० | ० |
| ८ | निशुल्क पाठ्यपुस्तक अनुदान | २५०० | २६२५ | २७५६ | २८९४ | ३०३९ | १३८१४ | १३८१४ | ० | ० | ० | ० |
| ९ | पढाइमैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | १६५८ | ० | ० | ० | ० |
| १० | पढाइमैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती | ६०० | ६३० | ६६२ | ६९५ | ७२९ | ३३१५ | ० | ० | ३३१५ | ० | ० |
| ११ | डिजिटल सामाग्रीको प्रयोग | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | २१० | ० | २०८२ | ० | ४७१ |
| **जम्मा** | | **५५२८** | **५८०४** | **६०९५** | **६३९९** | **६७१९** | **३०५४६** | **२२४६७** | **०** | **७६०८** | **०** | **४७१** |
| **४.२** | **शिक्षक व्यवस्थापन र विकास** | | | | | | | | | | | |
| १ | गाउँपालिका तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका निर्माण | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | २७६३ | ० | ० | ० | ० |
| २ | परिक्षाको नतिजा विश्लेषण | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ३८६८ | ० | ० | ० | ० |
| ३ | शिक्षकलाई परामर्श कार्य, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह गठन तथा परिचालन | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | ८२८८ | ० | ० | ० | ० |
| ४ | पालिकाले प्र.अ. र प्र.अ.ले शिक्षकहरूसँग करार सम्झौता | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ३८६८ | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय तथा पालिकास्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह बैठक | १८०० | १८९० | १९८५ | २०८४ | २१८८ | ९९४६ | ९९४६ | ० | ० | ० | ० |
| ६ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम | १८०० | १८९० | १९८५ | २०८४ | २१८८ | ९९४६ | ९९४६ | ० | ० | ० | ० |
| ७ | कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई साक्षरता तथा गणितिय सिप एकीकृत तालिम | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | ८२८८ | ० | ० | ० | ० |
| ८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | ६२६ | ६५७ | ६९० | ७२५ | ७६१ | ३४५९ | २९०७ | ० | ५२० | ० | ३२ |
| | **जम्मा** | **९१२६** | **९५८२** | **१००६१** | **१०५६४** | **११०९३** | **५०४२७** | **४९८७४** | **०** | **५२०** | **०** | **३२** |
| **४.३** | **शिक्षामा समता र समावेशीकरण** | | | | | | | | | | | |
| १ | स्थानीय तहहरूमा बालबालिकाको अवस्था तथा सिकाइ आवश्यकता पहिचान | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ० | ११०५ | ० | ० | ० |
| २ | वैयक्तिक आवश्यकताको आधारमा वैकल्पिक शैक्षिक कार्यक्रम | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ० | १६५८ | ० | ० | ० |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालयभित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ० | ११०५ | ० | ० | ० |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्तिको व्यवस्था | ४६२ | ४८५ | ५०९ | ५३५ | ५६२ | २५५३ | २५५३ | ० | ० | ० | ० |
| ५ | पाठ्यक्रम तथा सिकाइ सामाग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी सहितको सुनिश्चितता | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ | ० | ५५३ | ० | ० | ० |
| ६ | पाठ्यतक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्द | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ० | ११०५ | ० | ० | ० |
| ७ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाइ विद्यालय भर्ना तथा अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ | ० | ५५३ | ० | ० | |
| ८ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ० | ११०५ | ० | ० | |
| ९ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ८३४ | ५९१ | २१९ | ० | १३ |
| | **जम्मा** | **२०६२** | **२१६५** | **२२७३** | **२३८७** | **२५०६** | **११३९४** | **३३८७** | **७७७५** | **२१९** | **०** | **१३** |
| **४.४** | **विद्यालय स्वास्थ्य तथा पोषण** | | | | | | | | | | | |
| १ | छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड (कक्षा ६-१२) | २००० | २१०० | २२०५ | २३१५ | २४३१ | ११०५१ | ११०५१ | ० | ० | ० | ० |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थ्यकर्मी | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | विद्यालयहरुमा सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकास | ५० | ५३ | ५५ | ५८ | ६१ | २७६ | २७६ | ० | ० | ० | ० |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | ८२८८ | ० | ० | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | ५० | ५३ | ५५ | ५८ | ६१ | २७६ | २७६ | ० | ० | ० | ० |
| ८ | अभिभावक आमा समूह दिवा खाजा तथा सचेतना कार्यक्रम | ९५ | १०० | १०५ | ११० | ११५ | ५२५ | ५२५ | ० | ० | ० | ० |
| ९ | दिवा खाजा विस्तार कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **३६९५** | **३८८०** | **४०७४** | **४२७७** | **४४९१** | **२०४१७** | **२०४१६** | **०** | **०** | **०** | **०** |
| **४.५** | **विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता** | | | | | | | | | | | |
| १ | उत्थानशीलताका लागि सचेतना कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ReAL योजना कार्यान्वयन | ४०० | ४२० | ४४१ | ४६३ | ४८६ | २२१० | २२१० | ० | ० | ० | ० |
| ३ | स्थानीय तहमा विपद मूल्यांकनका आधारमा योजना निर्माण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थीसहितको समुह निर्माण तथा परिचालन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि निर्माण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **४००** | **४२०** | **४४१** | **४६३** | **४८६** | **२२१०** | **२२१०** | **०** | **०** | **०** | **०** |
| **४.६** | **विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | | | | | | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड एवं सूचकको तयारी | ४०० | ० | ० | ० | ० | ४०० | ४०० | ० | ० | ० | ० |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | ० | ७०५ | ० | ० | ० | ७०५ | ७०५ | ० | ० | ० | ० |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्धन | ९०० | ९४५ | ९९२ | १०४२ | १०९४ | ४९७३ | ४९७३ | ० | ० | ० | ० |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ | ५५३ | ० | ० | ० | ० |
| ५ | अपाङगता मैत्री, लैङगिक मैत्री संरचनाको विकास | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| ६ | नमुना विद्यालय कार्यक्रम | ६८०० | ७१४० | ७४९७ | ७८७२ | ८२६५ | ३७५७४ | ३७५७४ | ० | ० | ० | ० |
| ७ | विद्यालयमा खेलमैदान व्यवस्थापन | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | | |
| **जम्मा** | | **१०२००** | **१०९९५** | **१०८०५** | **११३४५** | **११९१२** | **५५२५६** | **५५२५७** | **०** | **०** | **०** | **०** |
| **४.७** | **विद्यालयमा सूचना र सञ्चार प्रविधि** | | | | | | | | | | | |
| १ | विद्यालयमा ICT विस्तार | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| ३ | शिक्षकहरूको क्षमता विकास | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | ४४२१ | ० | ० | ० | ० |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ५५२६ | ० | ० | ० | ० |
| ५ | IEMIS व्यवस्थापन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | २७६३ | ० | ० | ० | ० |
| ६ | विद्यालमा इ हाजिरी व्यवस्थापन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | २७६३ | ० | ० | ० | ० |
| ७ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | २७६३ | ० | ० | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रविधि मैत्री सिकाइका लागि कम्प्युटर, इन्टरनेट व्यवस्थापन | ४६५ | ४८८ | ५१३ | ५३८ | ५६५ | २५६९ | २५६९ | ० | ० | ० | ० |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको प्रयोग सम्बन्धि तालिम | ४०० | ४२० | ४४१ | ४६३ | ४८६ | २२१० | २२१० | ० | ० | ० | ० |
| **जम्मा** | | **६१६५** | **६४७३** | **६७९७** | **७१३७** | **७४९४** | **३४०६६** | **३४०६६** | **०** | **०** | **०** | **०** |
| **५.१** | **शिक्षाको व्यबस्थापन र संस्थागत क्षमता विकासका** | | | | | | | | | | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | ११०५ | ० | ० | ० | ० |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | १६५८ | ० | ० | ० | ० |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | १६५८ | ० | ० | ० | ० |
| ४ | कार्यसम्पादन करार तथा प्रोत्साहन | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ३८६८ | ० | ० | ० | ० |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ३८६८ | ० | ० | ० | ० |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | १६५८ | ० | ० | ० | ० |
| ७ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन र प्रोत्साहन | ५५० | ५७८ | ६०६ | ६३७ | ६६९ | ३०३९ | ३०३९ | ० | ० | ० | ० |
| **जम्मा** | | **३०५०** | **३२०३** | **३३६३** | **३५३१** | **३७०७** | **१६८५३** | **१६८५३** | **०** | **०** | **०** | **०** |
| **५.२** | **शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** | | | | | | | | | | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० | ० |
| २ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० | ० |
| ३ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | १०० | ० | ० | ० | ० | १०० | १०० | ० | ० | ० | ० |
| ४ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | १०० | ० | ० | ० | ० | १०० | १०० | ० | ० | ० | ० |
| ५ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप अनुदान | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० | ० |
| **जम्मा** | | **४००** | **२००** | **२००** | **२००** | **२००** | **१२००** | **१२००** | **०** | **०** | **०** | **०** |
| **७** | **अनुगमन तथा मूल्याङ्कन** | | | | | | | | | | | |
| १ | अनुगमन प्रणालीका लागि सूचक निर्माण तथा अध्यावधिक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | १० | १० | १० | १० | १० | ५० | ५० | ० | ० | ० | ० |
| ३ | स्थिति प्रतिवेदन | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | ० | ० | ० | ० |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका निर्माण | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | ० | ० | ० | ० |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | ० | ० | ० | ० |
| **जम्मा** | | **१००** | **१००** | **१००** | **१००** | **१००** | **५००** | **५००** | **०** | **०** | **०** | **०** |
| **कुल जम्मा** | | **१५४२१४** | **१५९६९७** | **१६६६९७** | **१७४९९७** | **१८३९११** | **८३९५१६** | **७५२८४७** | **१२८४८** | **५४६४३** | **०** | **१९१७६** |

## सन्दर्भ सामाग्रीहरू


१. नेपालको संविधान २०७२, नेपाल कानुन आयोग,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल कानुन आयोग,
३. शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संसोधन सहित ),
४. दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्ग चित्रः २०१६- २०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं,
५. सोह्रौं योजना (आ.व. २०८१/८२-२०८५/८६) आधार पत्र, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं,
६. शिक्षा क्षेत्रको योजना २०२१-२०३०, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं, २०७७,
७. शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा २०७७, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं, २०७७
८. नीति, कार्यक्रम तथा बजेट २०८० र ०८१, लिखु गाउँपालिका
९. राष्ट्रिय शिक्षा नीति २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं,
१०. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर,
११. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर
१२. शिक्षा सम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरू,
१३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) २०८० र २०८१
१४. प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८,
१५. शैक्षिक सूचना २०८०, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौ


लिखु शिक्षा योजना २०८२